# सङ्घीय संसद्

# राष्ट्रिय सभा

# उन्नाइसौं अधिवेशन

# कार्यवाहीको सम्पूर्ण विवरण

# २०८२ माघ १९ गते

# सोमवार

# बैठक सङ्ख्या- ५

राष्ट्रिय सभाको आजको बैठक सम्माननीय अध्यक्ष श्री नारायण प्रसाद दाहालको अध्यक्षतामा दिनको १३:२३ बजे प्रारम्भ भयो।

(१३:२३ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्यहरू राष्ट्रिय सभाको आजको बैठकको कारबाही प्रारम्भ हुन्छ। माननीय सदस्यहरू शून्य समयमा बोल्नका लागि माननीय सदस्यको नाम प्राप्त भएको छ। म माननीय सदस्यहरूलाई बोल्न समय उपलब्ध गराउँछु। शून्य समयमा बोल्नका लागि प्रत्येक माननीय सदस्यलाई एक एक मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य किरण बाबु श्रेष्ठ।

(१३:२३ बजे) **माननीय श्री किरण बाबु श्रेष्ठ (नेपाली काङ्ग्रेस)ः**- सम्माननीय अध्यक्षज्यू, नेपाललाई वित्तीय कारोबारको विषयमा गर्ने अन्तर्राष्ट्रिय मञ्च फाइनान्सियल एकसन ट्रान्सले रिलिजमा राखेको र यसबाट बाहिर निस्कने दुई वर्ष अवधि दिएको यसबाट बाहिर निस्कने जुन कार्य योजनाहरू प्रस्तुत गरेको थियो। प्रस्तुत कार्य योजना एक वर्ष भित्र कार्यान्वयन नगरेमा ग्रेय लिस्टबाट बाहिर निस्कन नसक्ने उल्लेख गरेको थियो। तर समाचार सुनिएको छ कि ग्रेय लिस्टबाट बाहिर निस्कने

नेपालको प्रयास अपर्याप्त रहेको एफटिफसीले जनाएको छ। यसबाट बाहिर निस्कन दुई वर्षसम्म पाएको र एक वर्ष बिति सक्दा पनि निर्माण गरिएको कार्य योजनाको कार्यान्वयन प्रभावकारी हुन नसकेको भन्ने २० देखि २४ अक्टोबर २०२५ मा फ्रान्सको पेरिसमा भएको एफटिफसीले बजेट वक्तव्यमा नि यो कुरा उल्लेख गरेको र तत्कालीन सरकारले पनि भनेको यो कुरो यथार्थ कुरो यहाँ सदनमा जानकारी गराइयोस्। धन्यवाद।

(१३:२४ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य पदम बहादुर परियार।

(१३:२५ बजे) **माननीय श्री पदम बहादुर परियार (नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, फागुन २१ गते हुन गइरहेको प्रतिनिधि सभा निर्वाचनमा ३० जना भन्दा बढी संघीय तथा प्रदेश सभाका सांसद एवं स्थानीय तहका प्रमुखहरूले आफ्नो कार्यकाल सकिनु भन्दा अगाडी नै राजीनामा दिएर निर्वाचनमा होमिन निर्णय गर्नु भएको छ। नेपालको संविधानको धारा ८६, १७७ र २१५ ले क्रमशः सांसदहरूको ६ वर्ष र स्थानीय प्रमुखहरूको ५ वर्ष कार्यअवधि तोकिएको छ। एक भ गौडा र धोकेबाज प्रेमी जस्तै यी महान् महोदयहरूले जनता सामु गरेको वाचा र सपथ खाएको संविधान बिर्सिएका छन् र फेरी निर्वाचन गराउनु पर्ने गरि राज्यको ढुकुटीमा करोडौं अरबौंको भार थपेका छन्। तसर्थ सम्माननीय अध्यक्ष महोदय, जनतालाई सिधा सिधा धोका दिने आफ्नो जिम्मेवारी नसकिदैं भाग्ने भगौडा राजनीतिलाई रोक्न र हाम्रो व्यवस्थापिकीय र संसदीय अभ्यासलाई मर्यादित बनाउन नेपालको संविधान र अन्य निर्वाचन सम्बन्धी कानुनमा तुरुन्तै आवश्यक संशोधन गर्नका लागि म जोडदार माग गर्दछु। धन्यवाद।

(१३:२६ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य रुकमिणी कोइराला।

(१३:२६ बजे) **माननीय श्री रुकमिणी कोइराला (नेपाल कम्युनिष्ट पार्टी, एमाले)**:- सम्माननीय अध्यक्षज्यू, आज म यो सम्मानित सदनमा उभिएर हजारौं महिलाहरूको पिडामा चिच्याइ रहेका आवाज बनेर उभिरहेकी छु। आज पनि हाम्रो समाजमा धेरै दिदीबहिनी, छोरीहरू र आमाहरू, नातिनीहरू डर,

हिंसा र अपमानको सिकार भइरहेका छन्। आफ्नो घर जुन सबैभन्दा सुरक्षित स्थान हुनुपर्थ्यो तर धेरै महिलाका लागि पिडाको कारागार बनेको छ। अझै पनि मौनता, लाज र डरले उनीहरूको मुख थुनेको छ। तर आज यो सदनले त्यो मौनता तोड्न सक्नुपर्छ। महिला हिंसा केवल कानुनी मुद्दा मात्र होइन। यो हाम्रो समाजको सोच, संस्कार, मूल्य मान्यता सँग जोडिएको गम्भीर सामाजिक अपराध हो। आज हामीले, सरकारले पीडित महिलाहरूको लागि कडा कानुन बनाएर मात्र होइन कडा कार्यान्वयन गर्न (......समय सकिएको।)

(१३:२७ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य रेनु चन्द।

(१३:२८ बजे) **माननीय श्री रेनु चन्द (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्षज्यू, स्वास्थ्य बिमा कार्यक्रम गुणस्तरीय स्वास्थ्य सेवामा नागरिक को पहुँच स्थापित गराउने नेपाल सरकारको महत्त्वपूर्ण कार्यक्रम हो। यसले उपचारको क्रममा व्यक्तिगत खर्चलाई उक्साउँछ, घटाउँछ। तर यो कार्यक्रम प्रभावशाली रुपमा सञ्चालन हुन सकिराखेको थिएन। यसलाई प्रभावकारी बनाउन सुधारको आवश्यकता छ। तर यो सरकारले स्वास्थ्य बिमाको रकम भुक्तानी गर्न रोकेको छ। स्वास्थ्य बिमा कार्यक्रम रोकिँदा आर्थिक रुपमा विपन्न नागरिक सबैभन्दा बढी समस्यामा परेका छन्। त्यसैले राज्य प्रति नागरिकको भरोसा कायम गर्न सरकारले तुरुन्त आवश्यक सुधार गरेर स्वास्थ्य बिमा कार्यक्रमको रकम भुक्तानी सुचारु गर्न म सरकार स माग गर्दछु। धन्यवाद।

(१३:२८ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य विष्णु कुमारी सापकोटा।

(१३:२८ बजे) **माननीय श्री विष्णु कुमारी सापकोटा (नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्षज्यू, फागुन २१ मा निर्वाचन हुँदैछ आचार समिता लागु छ। जेनजी आन्दोलन पछिको अन्योल बीच देशको निर्माण र ऊर्जा क्षेत्र झनझन प्रभावित बनेका छन्। वर्तमान सरकारले रोकेका केही निर्माण तथा ऊर्जा आयोजनाहरू आज अन्योलमा छन्। आचार समिता र निर्णयका कारण आयोजनाहरू रोकिदा निर्माण व्यवसायीहरू, मजदुर र लगानी कर्ताहरू सबै समस्यामा परेका छन्। बैंक ब्याज बढ्दै छ, लागत

बढिरहेको छ, तर सरकार स्पष्ट छैन। सम्माननीय अध्यक्षज्यू मार्फत सरकारसँग मेरो प्रश्न छ। रोकिनु पर्ने आयोजना कुन र चल्नुपर्ने कुन भन्ने निर्णय कसले लिने ? यी आयोजनामा भएको आर्थिक भौतिक र समयको कसरी भरपाई गर्ने हो। सरकारले यस्ता आयोजनाको छानबिन कसरी गरिरहेको छ। आयोजना रद्द गर्दा यसबाट राज्य कोषको लगानी भएको आर्थिक भारको भागीदार को बन्ने ? आन्दोलन र नेतृत्व बीच अल्झिएर विकासलाई कहिले सम्म बन्धक बनाउने। धन्यवाद।

(१३:२९ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य विष्णु देवी पुडासैनी।

(१३:३० बजे) **माननीय श्री विष्णु देवी पुडासैनी (नेपाली काङ्ग्रेस)**:- सम्माननीय अध्यक्ष महोदय, विकास निर्माण सम्बन्धी काम भनेको सबैको साझा हो र साझा नै हुनुपर्छ भन्ने सबैको धारणा पनि छ। अघिल्लो सरकारले छुटयाएका योजनाहरू छनोट गरेको बजेट आज सम्म पनि काम भएको छैन। हामीले पटक पटक भन्ने गरेका छौं। असारे विकासले जनतामा पनि शास्ति हुन्छ, बजेट पनि नोक्सान हुन्छ, भनेर हामीले भन्दा भन्दै पनि यस वर्ष पनि यो सरकारले असारे विकासको बारेमा के धारणा छ र के गर्न खोजेको छ र के भन्न खोजेको त्यो जानकारी सम्मानित सदन मार्फत जान्न चाहन्छु। धन्यवाद।

(१३:३० बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी।

(१३:३० बजे) **माननीय श्री श्रीकृष्ण प्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)**:- सम्माननीय अध्यक्ष महोदय, विगत केही दिन यता काठमाडौं उपत्यका लगायतका देशका विभिन्न भागहरूमा चोरी, लुटपाट, हत्या, बलात्कार र अनलाइन ठगीका घटनाहरू बढ्दै गएको समाचारहरू आइरहेका छन्। गत भाद्र २४ गते जेलबाट भागेका चोरी, डकैती, लुटपाटमा संलङ्ग गिरोहहरू नै मोबाइल, गहना, मोटरसाइकल आदि लुटपाटमा सक्रिय रहेको भन्नेछ। चोरी र लुटपाटको भएले काठमाडौं उपत्यका बासीहरू अलि आतंकित छन्। कीर्तिपुर, कलंकी लगायतका क्षेत्रमा एलपी ग्यौंसको अभाव पनि देखिन थालेको छ। निर्वाचन नजिकिदैं गर्दा कृतिम अभाग दैनिक उपभोग्य वस्तुमा भइरहेको

मूल्य वृद्धिका कारण जनजीवन असहज बन्ने हो कि भन्ने देखिन्छ। यसतर्फ सरकारको ध्यान आकर्षण गर्न चाहन्छु। धन्यवाद।

(१३:३१ बजे) **सम्माननीय अध्यक्षः-** माननीय सदस्यहरू "शून्य समयमा" माननीय सदस्यहरूले बोल्ने क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरू राष्ट्रपतिको कार्यालयबाट कार्यभार तोकिएको सम्बन्धी पत्र प्राप्त हुन आएको छ। अब उक्त पत्रको बेहोरा जानकारी गराउँछु।

सम्माननीय राष्ट्रपति रामचन्द्र पौडेल नेपाल र जापान बीच कुटनीतिक सम्बन्ध स्थापना भएको ७०औं वार्षिक उत्सवको अवसरमा जापान सरकारको मैत्रीपूर्ण निमन्त्रणामा सवत् २०८२ साल माघ १८ गते देखि २१ गते सम्म सहभागी हुन नेपाली प्रतिनिधि मण्डलको नेतृत्व गर्दै सवत् २०८२ साल माघ १८ गते तद अनुसार १ फेब्रुअरी २६ आइतवारका दिन त्यसतर्फ प्रस्थान गर्नु हुने भएकोले उहाँको अनुपस्थितिमा राष्ट्रपतिबाट गरिने कार्यहरू नेपालको संविधानको धारा ६७ को उपधारा २ बमोजिम सम्माननीय उपराष्ट्रपतिले सम्पादन गर्ने गरि तोक्नु भएको बेहोरा अनुरोध छ। डा. हरि प्रसाद लम्साल (सचिव) २०८२ माघ १८ गते।

माननीय सदस्यहरू अब सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका माननीय सभापति माया प्रसाद शर्मालाई अध्यागमन ऐन, २०४९ र सो ऐन अन्तर्गत बनेका प्रत्यायोजित विधायनहरू सम्बन्धी अध्ययन प्रतिवेदन २०८२ सम्बन्धी समितिको प्रतिवेदन सभा समक्ष पेश गर्न समय उपलब्ध गराउँछौ।

(१३:३३ बजे) **माननीय सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समिति सभापति श्री माया प्रसाद शर्माः-** सम्माननीय अध्यक्षज्यू, सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले आफ्नो कार्यक्षेत्र भित्रको प्रत्यायोजित विधायन अध्ययन गर्ने क्रममा अध्यागमन ऐन, २०४९ र सो ऐन अन्तर्गत बनेका प्रत्यायोजित विधायनहरूकको अध्ययन तथा विश्लेषण गरी सम्मानित राष्ट्रिय सभा समक्ष सुझाव सहितको प्रतिवेदन पेश गर्ने निर्णय गरेको थियो। समितिले अध्ययन गर्ने क्रममा पछल्लो समय निकै चर्चामा रहेको र विवादित बनेको विषय भिजिट भिसा प्रकरणसँग समेत प्रत्यक्ष सरोकार रहेको यो ऐन र ऐन अन्तर्गतका प्रत्यायोजित विधायनहरू र अध्यागमनसँग सम्बन्धित रहेर नेपाल सरकारले गरेका निर्णय तथा निर्देशनहरूको अध्ययन गर्ने, अध्यागमन विभाग र त्रिभुवन विमानस्थलमा रहेको अध्यागमन

कार्यलयको स्थलगत अवलोकन गरी सरोकारवाला निकायका प्रतिनिधिहरूसँग छलफल तथा अन्तरक्रिया गर्ने निर्णय गरेर अध्ययन कार्यलाई अगाडि बढाएको थियो। समितिले अध्यागमन विभाग र त्रिभुवन विमानस्थलको स्थलगत अवलोकनका क्रममा विभागका महानिर्देशक सहित कर्मचारीहरूसँग छलफल गर्नुका साथै विभागमा रहेको थुनुवा घरको समेत अवलोकन गरेको थियो।

त्यसरी नै त्रिभुवन विमानस्थलको अवलोकन गर्ने क्रममा समितिले त्यहाँको अध्यागमन कार्यलयका कर्मचारीहरू र सुरक्षा निकायका प्रतिनिधिहरूसँग छलफल तथा अन्तरक्रिया गरेको थियो। समितिमा माननीय गृहमन्त्री, पूर्व मुख्यसचिव तथा नेपाल सरकारले अध्यागमन प्रशासन सुधारको लागि सुझाव पेश गर्न गठित समितिका संयोजक श्री शंकरदास बैरागी, अध्यागमन विभागका महानिर्देशक र त्रिभुवन विमानस्थल अध्यागमन कार्यालय प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल गरेको थियो। अध्यागमन ऐन, २०४९ र सो अन्तर्गतका प्रत्यायोजित विधायनहरूको प्रारम्भिक अध्ययन गर्न समितिले संसद सहयोग परियोजनाको सहयोगमा विज्ञ अधिवक्ता तथा संविधान सभा सदस्य डा. खिमलाल देवकोटालाई जिम्मेवारी दिएको थियो। खिमलाल देवकोटाबाट तयार गरेको प्रारम्भिक प्रतिवेदन माथि समितिले थप अध्ययन गरी माननीय सदस्यहरूको सुझावहरूलाई समेत समेटेर समिति सचिवालयले प्रतिवेदनलाई परिमार्जित गरेको थियो। सो प्रतिवेदन समितिको मिति २०८२ माघ १५ गते बसेको समितिको बैठकबाट पारित गरी सम्मानित सभा समक्ष पेस गर्ने निर्णय भएको थियो।

सम्माननीय अध्यक्ष महोदय, प्रत्यायोजित विधायनको तर्जुमा नेपाल सरकार, प्रदेश सरकार र स्थानीय सरकारहरू, स्वायत्त संघ संस्थाहरू, संवैधानिक निकायहरूले गर्ने गरेका छन। प्रत्यायोजित अधिकारको प्रयोग गर्ने निकायहरूले प्रत्यायोजित अधिकारको प्रयोग गर्दा प्रत्यायोजित विधायनको सर्वमान्य सिद्धान्त, सीमा, मूल्य मान्यता र अख्तियारी भित्र रहेर मात्र आफ्नो पदीय दायित्व, जिम्मेवारी, जवाफदेहिता पूरा गरेमा मुलुकमा सुशासनको संस्थागत विकास गर्न महत्त्वपूर्ण योगदान पुग्ने देखिन्छ। प्रत्यायोजित विधायन निर्माणकै क्रममा स्वनियन्त्रण गर्नु सबै निकायको दायित्व हो। तर विडम्बना भन्नु पर्छ प्रत्यायोजित विधायन तर्जुमा गर्दा नेपाल सरकार र अन्य सबै निकायहरूले प्रत्यायोजित विधायनको सिद्धान्त, सीमा, मूल्य मान्यता र अख्तियारी बिर्सिएर पदीय दायित्व, जिम्मेवारी, जवाफदेहिता ख्याल नगरी प्रत्यायोजित अधिकारको प्रयोग गर्ने गरेको पाईन्छ। त्यसै गरी नेपाल सरकारले संसदमा विधेयक पेश गर्दा थुप्रै सारवान विषयहरूलाई प्रत्यायोजित विधायनका रुपमा प्रस्ताव गर्ने गरेको र संसद र संसदका समितिहरूले समेत त्यसलाई स्वीकार गर्ने गरेका कारण प्रत्यायोजित विधायनमा सारवान विषयहरू प्रशस्त मात्रामा भेटिने गरेका छन्। यसबाट एकातिर कानून बनाउने

संसदको अधिकार खण्डित भएको छ भने अर्कोतिर मुलुकको सुशासन अभिवृद्धिमा नकारात्मक असर परेको छ। यसको समाधानको सबैभन्दा राम्रो विकल्प भनेको संसदले विधेयक पारित गर्ने क्रममा नै प्रत्यायोजित अधिकारलाई नियन्त्रण गर्नु पर्ने हुन्छ। म यस तर्फ संसद र संसदीय समितिहरूको ध्यानाकर्षण गराउन चाहन्छु।

सम्माननीय अध्यक्ष महोदय, अध्यागमन ऐन २०४९ मा अत्यधिक प्रत्यायोजित अधिकार हस्तान्तरण गरिएको छ। भिसा, निष्कासन, तहकिकात, प्रवेश-निर्गमन जस्ता गम्भीर विषयहरूमा प्रत्यायोजित अधिकार हस्तान्तरण गरेका कारण स्वविवेकीय अधिकारको प्रयोग बडेको छ र यसबाट अधिकारको दुरुपयोग हुने संभावना पनि त्यतिकै देखिन्छ। कार्यपालिकालाई दिइएको उच्च विवेकाधिकार, कमजोर संसदीय निगरानी, सार्वजनिक परामर्शको अभाव, र आधुनिक प्रविधिगत तथा अन्तर्राष्ट्रिय मापदण्ड पालनामा सक्षमताको अभाव समेतका कारण व्यवहारमा मनोमानी, असमानता र दुरुपयोगको जोखिम बढेको देखिन्छ। प्रशासनिक विवेक राज्य संचालनको अपरिहार्य आधार भए पनि सोही विवेकको दुरुपयोगका कारणले अनेकन प्रकारका विकृति विसङ्गतिहरू उत्पन्न भई उपभोक्ताले पिडामा पर्नुपर्ने अवस्था समेत सिर्जना भएको देखिन्छ। भिजिट भिसा प्रकरणलाई यसको उदाहरण मान्न सकिन्छ।

सम्माननीय अध्यक्ष महोदय, अध्यागमन ऐन संशोधनका क्रममा मात्र होइन जुनसुकै विधेयकहरू पारित गर्ने क्रममा प्रत्यायोजित अधिकारको दायरा पुनःनिर्धारण गरी सारवान विषयहरू ऐनमै राख्ने, कार्यविधिगत विषयमात्रै नियममा राख्ने र विधायन ऐन ,२०८१ ले निर्धारण गरे बमोजिम प्रत्यायोजित विधायन दर्ता गर्ने, राजपत्रमा प्रकाशन गर्ने, संसदमा पेश गर्ने प्रबन्ध कडाइका साथ लागू गर्ने गरी संसदीय निगरानीलाई प्रभावकारी बनाउनु आवश्यक छ। प्रत्यायोजित विधायनहरूको निर्माण गर्दा सरोकारवाला निकायहरूसँग प्रशस्त परामर्श गर्ने, ई भिसा तथा बायोमेट्रिकजस्ता आधुनिक प्राणाली समेटेर ऐनलाई समय अनुकूल अद्यावधिक गर्न आवश्यक देखिन्छ। स्वविवेकको प्रयोग आवश्यक छ तर सोको आधार र कारण सहित औचित्य पुष्टि गर्नुपर्ने व्यवस्था कानूनमा नै स्पष्ट गर्न जरूरी छ

सम्माननीय अध्यक्ष महोदय, हाम्रो समितिलाई निरन्तर मार्गदर्शन सुझाव र निर्देशनहरू उपलब्ध गराउनु भएकोमा म सम्माननीय अध्यक्षज्यू र माननीय उपाध्यक्षज्यू प्रति हार्दिक आभार व्यक्त गर्दछु। समितिमा निरन्तर सक्रियता पूर्वक सहभागी हुने समितिका माननीय सदस्यज्यूहरू र प्रतिवेदन तयारी चरणमा समितिमा आई सुझाव उपलब्ध गराउनुहुने माननीय मन्त्रीज्यू र अन्य सरोकार समुदायका

प्रतिनिधिहरू तथा संघीय संसदका महासचिव, राष्ट्रिय सभाका सचिव लगायत सचिवालयका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू सहित समिति सचिवलयका राष्ट्रसेवक कर्मचारीहरू, सुरक्षाकर्मी, सञ्चारकर्मी लगायत सबैलाई म समितिको तर्फबाट हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतीले सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिले तयार गरेको "अध्यागमन ऐन, २०४९ र सो अन्तर्गत बनेका प्रत्यायोजित विधायनहरू सम्बन्धी अध्ययन प्रतिवेदन ,२०८२ "सम्मानित सभा समक्ष पेश गर्दछु।प्रतिवेदन माथि सभामा छलफल समेत गराउन म अध्यक्षज्यूलाई अनुरोध गर्दछु।

(१३:४३ बजे) **सम्माननीय अध्यक्ष:-** माननीय सदस्यहरू अब विकास आर्थिक मामिला तथा सुशासन समितिका माननीय सभापति कमला पन्तलाई राष्ट्रिय सदाचार चार नीति सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ माथि छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न समय उपलब्ध गराउँछु।

(१३:४३ बजे) **माननीय विकास, आर्थिक मामिला तथा सुशासन समितिका सभापति श्री कमला पन्त:-** सम्माननीय अध्यक्ष महोदय, राष्ट्रिय सभाको नियमित कार्यमा सहयोग पुऱ्याउन राष्ट्रिय सभा अन्तर्गत रहेको विकास, आर्थिक मामिला तथा सुशासन समितिले आफ्नो कार्यक्षेत्र अन्तर्गत रहेको शासकीय सुधार तथा सुशासन प्रवर्द्धन सम्बन्धमा राष्ट्रिय सदाचार नीतिको आवश्यकता बारेमा विस्तृत अध्ययन गरी तयार गरिएको "राष्ट्रिय सदाचार नीति सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२" सम्मानित सभा समक्ष पेश भई सकेको छ।

सम्माननीय अध्यक्ष महोदय, म आज त्यो पेश भएको यो प्रतिवेदनलाई छलफलमा ल्याउनको लागि मैले आफ्नो केही संक्षेपमा केही आफ्ना कुरा राख्न चाहन्छु।सम्माननीय अध्यक्षज्यू, दिगो विकास, समृद्धि र शान्तिको लागि सुशासन अपरिहार्य हुन्छ।सुशासनको एक महत्त्वपूर्ण खम्बा सदाचारिता हो।सदाचारिता अभिवृद्धि गर्न सार्वजनिक, निजी, सहकारी एवम् गैरसरकारी क्षेत्र र सार्वजनिक जीवनका सबै पदाधिकारी, कर्मचारी र नागरिकले देशको संविधान, कानुन र क्षेत्रगत एवम् पेशागत मर्यादा अनुरूपको आचरण अवलम्बन गर्नुपर्ने हुन्छ।नेपालको संविधानले अङ्गीकार गरेको सामाजिक न्यायसहितको समाजवाद हासिल गर्ने प्रमुख माध्यम सुशासन नै हो।सार्वजनिक लगायत सबै क्षेत्रलाई

स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, भ्रष्टाचारमुक्त, जनउत्तरदायी र सहभागितामूलक बनाउन आवश्यक हुन्छ। सबै तहमा सुशासनको प्रत्याभूति गराउन कानुनी, नीतिगत र संस्थागत विकास गर्नु अपरिहार्य रहेको छ। सदाचारमैत्री शासन प्रणाली स्थापना नगरी सुशासनको प्रत्याभूति हुन सक्दैन। देशमा व्याप्त भ्रष्ट्राचारको समुल नस्ट गर्न मुहानबाट नै निरोधात्मक उपाय अपनाउने र शासकीय सुधारका प्रवर्द्धनात्मक क्रियाकलाप कार्यान्वयन गर्ने माध्यमका रूपमा सदाचार नीतिको आवश्यकता देखिएको छ। सरकारले विगतमा राष्ट्रिय सदाचार नीति जारी गर्ने प्रयास गरेको भए पनि सरोकारवालासँग पर्याप्त छलफल र सहमति जुटाउन नसक्दा उक्त नीति हालसम्म पनि जारी हुन सकेको छैन। देशमा व्याप्त आर्थिक अनुशासनहीनता, अनियमितता एवं बढ्दो भ्रष्टाचारका कारण राष्ट्रिय एवं अन्तर्राष्ट्रिय स्तरमा नेपालको छवि राम्रो हुन सकेको छैन।

सम्माननीय अध्यक्ष महोदय, खाद्य वस्तुमा अखाद्य पदार्थ मिसाउने प्रवृत्ति, तराइमा प्रहरीको शुद्धिकरण अभियान, खोटाङमा विद्यार्थीले जिल्ला शिक्षा अधिकारीलाई नै छड्के निरीक्षण गर्न विद्यालयमा बोलाएको समाचार, फोन र इन्टरनेट सेवा गतिलो नभए ग्राहकलाई क्षतिपूर्ति दिनुपर्ने तथा सेवा प्रदायकको लाइसेन्स खारेज गर्नुपर्ने माग, व्यवसायीद्वारा साल्ट ट्रेडिङलाई चिनी बिक्री रोक्न दबाब दिएको विषय, सरकारी कार्यालयमा खुलेआम घुसखोरी भन्दै ट्रान्सपरेन्सी इन्टरनेसनलले दिएको प्रतिवेदन, सुन समातिने तर मालिक हराउने जस्ता विविध घटनाहरू तथा समाचारले राज्यको सुशासन प्रति प्रश्न आएको अवस्था छ। कुनै ठेकेदारले समयमा किन बाटो बनाउँदैन ? किन अनुसन्धान गर्नुपर्ने संस्थाहरू अनुसन्धान गर्दैनन् ? किन सेवा दिने संस्थाहरूको सेवा कमजोर छ ? जवाफदेहिता, पारदर्शिता एवं शासकीय सुधारका लागि नीति कसरी बनाउने ? कसले बनाउने ? नीतिगत तहमा जनताको सहभागिता कसरी बढाउने ? आज यावत प्रश्नहरू अनुत्तरित छन्। यस किसिमका विसङ्गतिको निराकरणका लागि सरकारद्वारा कार्यान्वयनमा ल्याइएका कानुन, नीति, रणनीति, कार्ययोजनाको प्रभावकारी कार्यान्वयनका लागि सदाचार नीति अपरिहार्य छ। देशको विकास निर्माण, सेवा प्रवाह र शासकीय व्यवस्थामा रहेका सबै क्षेत्रका विविध विकृति/विसंगतिको निराकरण गर्नु जरुरी रहेको छ। भ्रष्टाचार नियन्त्रण सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिको अनुमोदन गर्ने पक्ष राष्ट्र भएकोले उक्त महासन्धिका प्रावधानले सृजना गरेका दायित्व पूरा गर्न समेत सदाचार नीति बनाई कार्यान्वयन गर्नु पर्ने देखिएको छ।

सम्माननीय अध्यक्ष महोदय, शासकीय व्यवस्थामा व्यावसायिक निष्ठा र इमानदारीतलको संस्कृति स्थापित गर्न र सदाचारयुक्त, नैतिकवान्, सुसंस्कृत, सभ्य र सम्वृद्ध समाजको निर्माण गर्न सबै क्षेत्रका संस्थाहरूले आफ्नो कार्य प्रकृति अनुसार आचार संहिता जारी गरी सदाचारका नियमहरूको

पालना गर्नुपर्ने देखिएको छ। सुसंस्कृत एवं कर्तव्य निष्ठ नागरिक बनाउन विद्यालय देखि नै नैतिक शिक्षा आवश्यक रहेको छ। सुशासन व्यवस्थापन एवं शासकीय सुधार लगायतका क्षेत्रमा विद्यमान नीति, कानुन, रणनीति/कार्यविधिको परिमार्जन, संस्थागत एवं संरचनागत सुधार र निष्ठा एवं सदाचारको सबलीकरण गर्नुपर्ने देखिएको छ। सदाचारका नियमहरू पालना नगर्ने उपर उपयुक्त कारवाहीको लागि कानूनी व्यवस्था गरी नियमहरुको पालना गर्नु गराउनु पर्ने रहेको छ। यसै तथ्यलाई हृदयङ्गम गरी सबै क्षेत्रलाई स्वच्छ, स्वस्थ, प्रतिस्पर्धी एवं पद्धतिगत रूपमा सञ्चालन गर्न एकीकृत रुपमा राष्ट्रिय सदाचार नीति अविलम्ब जारी गर्न अपरिहार्य रहेको छ।

सम्माननीय अध्यक्षज्यू, अध्यक्षज्यूको अनुमतिले विकास, आर्थिक मामिला तथा सुशासन समितिबाट तयार गरिएको यस "राष्ट्रिय सदाचार नीति सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२" राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५९ बमोजिम सम्मानित सभामा छलफल गरियोस् भनी प्रस्ताव पेश गर्दछु।

**(१३:५० बजे) <u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्यहरू अब म राष्ट्रिय सदाचार नीति सम्बन्धी अध्ययन प्रतिवेदन २०८२ माथि छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु। माननीय सचिव यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले हुन्छ भन्नुहोस्।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ राष्ट्रिय सदाचार नीति सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ माथि छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू अब राष्ट्रिय सदाचार नीति सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ माथिको छलफल प्रारम्भ हुन्छ। छलफलमा भाग लिने माननीय सदस्यहरूले विषय केन्द्रित भइ आफ्नो धारणा राख्नुपर्नेछ। छलफलमा भाग लिन चाहनु हुनेछ माननीय सदस्यले आ-आफ्नो नाम दुई मिनेट भित्र

उपलब्ध गराइदिनु हुन अनुरोध गर्दछु। छलफलमा भाग लिने प्रत्येक माननीय सदस्य लाई ३ मिनेटको समय निर्धारण गरेको छु। सर्वप्रथम माननीय सदस्य उर्मिला अर्याल।

(१३:५२ बजे) **माननीय श्री उर्मिला अर्याल (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र):-** सम्माननीय अध्यक्ष महोदय, यो राष्ट्रिय सदाचार नीति २०८२ अहिले जुन या प्रस्तावमा आएको छ, यसलाई पारित गरिदिनु हुन र यो अति सान्दर्भिक र अहिलेको अवस्थामा यसमा दीर्घकालीन सोच सहित सदाचार नीतिलाई कार्यान्वयन गर्ने हिसाबले धेरै मेहनत हरेक प्रदेशमा समेत गएर प्रदेशको सभाहरूमा पनि हामी छलफल गरेर थियो। राष्ट्रिय सदाचार नीति आज सभा समक्ष हाम्रो सभापतिज्यूहरूले पेश गर्नु भएको छ। यसको दीर्घकालीन हिसाबले पनि एउटा सोच बनाएर जानुपर्ने यसको मिसन पनि सकारात्मक हिसाबले जानुपर्ने देखिएको छ र अहिले मुलुकलाई हामीले जुन किसिमले एउटा सदाचारको हिसाबले जानुपर्नेमा भ्रष्टाचारहरू अख्तियार दुरुपयोगको प्रमुखहरू नै अब नामै पनि थाहा छ, म त भन्न चाहन्न प्रमुख बनाउने उही चाहीँ भ्रष्टाचारको काण्डमा पर्ने। यस्तो सम्म जुन घटनाहरू देशमा भइराखेको छ। त्यसकारण हामीले जुन किसिमको एउटा सहयोगहरू प्रतिको एउटा प्रतिबद्धता, विभिन्न आन्दोलन, जनयुद्ध, जनआन्दोलन यो सबैबाट हामी यहाँ सम्म आइपुगिसकेका छौं।

तर जब हामी सरकारमा जान्छौं, कार्यान्वयनको क्षेत्रमा जान्छौं, नीति पनि राम्रो बनाउँछौं, त्यो कार्यान्वयन गर्ने विषयमा जहिले पनि हामीसँग कमजोरी भएको छ र जहिले हामी अब नियुक्तिहरू गर्न थाल्यो भने मलाई सरकारलाई अनुकूल बनाएर सजिलो हुन्छ। यो काम बिगार्न पनि सजिलो हुने मान्छे खोज्ने प्रवृतिले वास्तवमा देशमा भ्रष्टाचार व्याप्त एउटा सुशासनमा कमी रहन गएको। यी तमाम चीजहरू हेर्दा अहिले राष्ट्रिय सदाचार नीति एउटा हामीले एउटा परम्परागत हिसाबले पनि हाम्रो एउटा संस्कार नेपालको संस्कारमा हाम्रो गाउँ घरमा जुन एउटा संस्कारहरू थियो। त्यो पनि हाम्रो सबै ह्रास भइरहेको अवस्था छ। त्यसले सदाचारिताको सन्दर्भमा मैले अब यो धेरै उहाँले भनिसक्नु भयो हाम्रो सभापति म धेरै लाग्न चाहन्न। तर सदाचारिताको सन्दर्भमा पहिले नैतिक शिक्षाको पढाई हुनेमा अहिले त्यो नैतिक शिक्षाको पढाई नै छैन। हामी नियुक्ति गर्दा पनि सरकारमा जाने गइसकेपछि आफ्नो अनुकूलको जे जे गर्न मन लाग्छ, त्यो सबै गर्न पाउने गरिन्छ नियुक्ति गर्ने र बदनाम हुने जुन एउटा अवस्थाहरू भइरहेको छ। त्यो कारणले नै हामी कति लडाईको लड्छौं, आन्दोलन गर्छौं, हाम्रा प्रतिबद्धताहरू एउटा उच्च सम्मानले हामी व्यक्त गर्छौं। तर बिस्तारै हामीमा पनि पलाइन हुँदै जाने र सदाचार हामीले निकाल्दै गएका छौं। त्यसकारण सदाचार नीतिलाई सम्पूर्ण ठाउँमा कार्यान्वयन गर्ने हिसाबले र यसलाई

चाहिँ यो सदनबाट पनि हामीले पारित गरेर अब यसले देशै भरि अहिले गाउँपालिकाहरूको विभिन्न ठाउँहरूमा पालिका अध्यक्ष भइरहेका मान्छेहरू फेरी राजीनामा दिएर सांसद लड्न गइरहेको देखिन्छ। यो हिसाबको जुन एउटा चरित्रहरू अब हाम्रो दिगर्भित भन्छ। त्यसकारण नैतिक शिक्षा र सदाचारिताको विषयमा अलि राम्रोसँग हामीले एउटा यो नीतिलाई अवलम्बन गर्दै जानुपर्ने र यसको कारणले पालिकाको वडा स्थल देखि केन्द्रको अब सरकार देखि हाम्रो राष्ट्रिय सभा, प्रतिनिधि सभा जे जे कार्यान्वयन गर्दै जानु पर्ने कुरो ठिक हुनेछ र यसमा डा. रोजनाथ पाण्डे हाम्रो समितिका सचिवले निकै मेहनत गर्नु भएको छ। यसको छलफल जहाँ सम्म हामीले सबै प्रदेशहरूमा चाहिँ गएर भएको छ। त्यसले एउटा हामीलाई बाटो देखाको छ र हामी परम्पराको रुपमा भएको सदाचार छ। ती सदाचार (......समय सकिएको।)

**(१३:५५ बजे)** **सम्माननीय अध्यक्षः-** माननीय सदस्य विष्णु कुमारी सापकोटा।

**(१३:५५ बजे)** **माननीय श्री विष्णु कुमारी सापकोटा (नेपाली काङ्ग्रेस):-** सम्माननीय अध्यक्षज्यू, विकास, आर्थिक मामिला तथा सुशासन समितिले तयार पारेको राष्ट्रिय सदाचार नीति संविधान सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ ले ४ परिच्छेद १७ वटा बुँदा, दफा ३ अनुसूची सहित प्रत्येक दफाका उपदफामा देशको समष्टिगत विकासका लागि दिगो विकास, समृद्धि र शान्तिका लागि सुशासन अपरिहार्य हुन्छ, भन्ने कुरालाई आत्मसाथका लागि आवश्यक प्रयास नीति, कानुन, दायित्व वफादारीता, उत्तरदायित्व, जवाफदेहिता, इमान्दारिताका लागि सबै क्षेत्र जिम्मेवारीता र कर्तव्यलाई उल्लेख गरि छर्लङ्ग रुपमा प्रस्टटयाउने प्रयास गरेको छ। परिच्छेद ३ को दफा ३ मा राष्ट्रिय सदाचार नीति २०८२ को मस्यौदा तयार पारिसकेको छ। समितिका सभापति ज्यू, सदस्यज्यूहरू, समितिका सचिवालयका सचिव लगायत कर्मचारीज्यूहरू सबैको अत्यन्तै राम्रो मेहनतमा बनेको यो मस्यौदा धेरै नै राम्रो र गतिशील छ। स्वागत योग्य भएको जानकारी गराउन चाहन्छु। साथै धन्यवाद पनि दिन चाहन्छु।

यस राष्ट्रिय सदाचार नीति, २०८२ को मस्यौदाको पृष्ठभूमिमा राष्ट्रिय, अन्तर्राष्ट्रिय परिचय तथा परिचय दिन खोजिएको छ, भने यसैगरी विगतमा भएका प्रयासहरूको बारेमा पनि उल्लेख गरिएको छ र यसमा धेरै कुराहरू समेटिएको छ। राष्ट्रिय, अन्तर्राष्ट्रिय सम्पूर्ण कुराहरूलाई समेटिएको छ। वास्तवमा यो सदाचार नीति नहुँदाखेरि भ्रष्टाचारहरू मौलाएको छ। सन् २००५ मा यो संयुक्त राष्ट्र महासंघले पनि

महासभाबाट सन् २००५ मा पक्ष राष्ट्रहरूलाई एउटा त्यो निर्देशन ८ वटा बुँदा सहित निर्देशन गरेको रहेछ। तर हाम्रो नेपालमा चाहिँ त्यो सदाचार नीति लागु हुन नसक्दा खेरि आज भ्रष्टाचारहरू मौलाई राखेको यो अवस्था छ। शिक्षा, स्वास्थ्य, बाटा घाटा हरेक आर्थिक पक्षहरूमा पनि कुटनीतिक देखि लिएर यो निजी क्षेत्रहरू एनजीओ, आइएनजीओहरू हरेक क्षेत्रलाई यसले समेटेको छ। यसलाई जसरी भए पनि सम्माननीय अध्यक्षज्यू मार्फत सरकारले यसलाई छिटो भन्दा छिटो निर्देशन दिएर हुन्छ र कसरी लागु गर्न सकिन्छ। यसलाई लागु गरियोस् भन्ने कुरा सम्माननीय अध्यक्षज्यू मार्फत सरकारलाई हार्दिक अनुरोध गर्न चाहन्छु। धन्यवाद नमस्कार जय नेपाल।

(१३:५८ बजे) **सम्माननीय अध्यक्ष:-** माननीय सदस्य तुलसा कुमारी दाहाल।

(१३:५८ बजे) **माननीय श्री तुलसा कुमारी दाहाल (नेपाल कम्युनिष्ट पार्टी, एमाले):-** सम्माननीय अध्यक्ष महोदय, विकास, आर्थिक मामिला तथा सुशासन समितिले प्रस्तुत गरेको सदाचार नीति सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ माथि हामी छलफलमा छौँ। माननीय सभापति कमला पन्त र समितिका मान्य माननीय सदस्यहरू सम्बद्ध पक्षलाई म धन्यवाद व्यक्त गर्न चाहन्छु। यो प्रतिवेदन समय सापेक्ष छ, विगतको सरकारले प्रतिबद्धता गरे पनि सदाचार नीति बन्न नसकेको अवस्थामा आज हामी राष्ट्रिय सभामा सदाचार सम्बन्धी अध्ययन प्रतिवेदन माथि छलफल गर्दै छौँ। यो खुशीको कुरा हो। नेपाली समाजमा एक अर्कामा विश्वास हराउँदै गएको छ। नैतिकता, मानवता, अनुशासन, असल संस्कार र हाम्रा मौलिक परम्पराहरू चुनौती पूर्ण र समस्या ग्रस्त हुँदै गएका छन्। गलत प्रतिस्पर्धा, अमानवीय व्यवहार, सुशासन र कानुनको सहि कार्यान्वयन हुन सकेको छैन। निष्ठा, इमान्दारिता, सम्मान, आत्मसाथ जस्ता विषयहरू ओझेल परिरहेका छन्। भ्रष्टाचार सम्बन्धी रोग झाँगिदैं छ। हिजो संघमा, केन्द्रमा मात्रै केन्द्रित थियो भने, आज यो फैलिएर प्रदेश र स्थानीय तह सम्म पुगेका छन् र मानौं कि यो प्रतिस्पर्धा नै भएको छ। बेरुजु फछ्र्यौट नहुने नियन्त्रणकारी निकाय आफै भ्रष्टाचारमा फस्ने गरेको पाइन्छ। मानौं यो एउटा सामाजिक संस्कारको रुपमा स्थापित हुँदैछ। सदाचार कायम गर्न सबैको प्रयासबाट मात्र सम्भव छ।

तीन तहको सरकार, राजनीतिक दल, संवैधानिक निकाय, संसद, संसदीय समितिहरू, विभागहरू, निजी क्षेत्रहरूका संरचनाहरूबाट सबैबाट मात्रै प्रयास गर्न सकिन्छ यसलाई नियन्त्रण गर्न। यसको लागि

नीतिको साथमा ऐन निर्माण गर्दै प्रतिबद्धता गराउँदै सदाचार नीतिको पालना नगर्नेलाई सचेत गराउने, दण्ड र जरिवानाको समेत व्यवस्था गर्नु पर्ने हुन्छ। सदाचार नीति अवलम्बन गर्ने व्यक्तिलाई मुल्यांकन गरि प्रोत्साहन गर्ने, सम्मान गर्ने, सादा जीवन उच्च विचार अपनाएका लाई प्रशंसा गर्ने यो रितिको पनि सुरुवात गर्नु आवश्यक छ। जिम्मेवार व्यक्ति संस्था संरचनामा कार्यरत व्यक्तिहरू नै सदाचार नीति अवलम्बन गर्ने हो भने प्रतिबद्धता गर्न पनि आवश्यक छ। जिम्मेवारीमा रहेकाहरूले यदि सदाचार नीतिलाई अवलम्बन गर्ने हो भने अरूले पनि अनुसरण गर्न सक्दछन्। तर यहाँ ठुला ठुला पद धारण गरेका ठुला व्यक्ति भनिनेहरू र जिम्मेवारमा रहेका व्यक्तिहरू नै यो नीतिको अनुसरण गरिरहेको पाइँदैन। समाजमा हुने हुँदा खाने र हुने खाने वर्ग अवस्थित छ। हुने खाने वर्गको लागि चाहिँ आदर र सम्मान गर्ने, प्रशंसा गर्ने परिपाटी रिति बसेको छ। कामको पारदर्शिता, अनुशासन स्वविवेक मर्यादालाई पालना गर्नु हामी सबैको दायित्व हो र हामीले आ-आफ्नो ठाउँबाट प्रतिबद्धता गर्नु पनि आवश्यक छ। आफूले आफैलाई सदाचार नीतिको पालना गर्ने विषयमा सो घोषणा गरौं भनेर म अपिल पनि गर्न चाहन्छु र यो प्रतिवेदनलाई पारित गर्नको निम्ति यो सभालाई आग्रह गर्दै आफ्नो भनाई अन्त्य गर्छु। हस् धन्यवाद।

(१४:०१ बजे) **<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्य डा. बेदुराम भुसाल।

(१४:०१ बजे) **<u>माननीय डा. बेदुराम भुसाल (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)</u>:-** आदरणीय अध्यक्ष महोदय, हाम्रो समाजको विकास, आर्थिक मामिला तथा सुशासन समितिले अत्यन्त मेहनतका साथ अध्ययन गरी प्रस्तुत गरेको राष्ट्रिय सदाचार नीति, २०८२, एकदमै महत्त्वपूर्ण छ भन्ने मलाई लाग्छ। किनभने सदाचार, सुशासनका निम्ति अत्यन्त महत्त्वपूर्ण विषय हो। सुशासन पारदर्शिता र जवाफदेहिता आधुनिक लोकतन्त्रका विशेष पक्षहरू भनेर मानिन्छ। भ्रष्टाचारको विरुद्ध सदाचार, सदाचार भयो भने भ्रष्टाचार हुँदैन, सदाचार भएन भने भ्रष्टाचार हुन्छ। हामीले विश्वव्यापी भएका छौं। यदि हामीले भ्रष्टाचार नियन्त्रण गर्न चाहन्छौं भने सदाचारको अवलम्बन गर्नु अनिवार्य छ। यी यावत विषयहरूलाई समेटेर नै यो प्रतिवेदन माननीयज्यूहरूले मेहनतका साथ तयार गर्नु भएको छ। यसका निम्ति सम्बन्धित कर्मचारी साथीहरू सबैले मिहेनत गर्नु भएको छ। उहाँहरू सबैलाई हार्दिक धन्यवाद दिन चाहन्छु।

सदाचारका सन्दर्भमा खास गरि २ वटा आचरण सदाचारको महत्त्वमा असल आचरण २ वटा आचरण हामीसँग हुनुपर्छ भन्ने मानिन्छ। आर्थिक आचरण, नैतिक आचरण यदि आर्थिक आचरण, नैतिक आचरण सफा भयो, शुद्ध भयो, चोखो भयो भने अरू विभागहरू पनि सफा शुद्ध चोखो हुन्छन् भनेर मानिन्छ। त्यसका निम्ति सदाचार नीतिले निर्देशन गर्छ, यदि सदाचार नीति भएन हामीसँग भने सरलताको रुपमा कानुनी व्यवस्थाहरू पनि भएन भने भ्रष्टाचार नियन्त्रण गर्न सम्भव हुँदैन। भ्रष्ट आचरण सदाचारको अभावमा नै कुरा हुँदैन। हाम्रो कुरीति परम्परामा सदाचारको धेरै ठुलो महत्त्व थियो अहिले त्यो महत्त्वलाई हामी आँकिरहेका छौं र हाम्रा समाचारका प्रणालीहरू जुन खास गरि नैतिक शिक्षा लगायतका जुन सदाचार र समाजमा स्थापित गर्ने प्रणालीहरू थिए, पद्धतिहरू थिए यी सबै भत्किदैं गएका छन्। ..... त्यसैले सभालाई पारित गरौं र यसले जुन खालका सुझावहरू दिएको छ, त्यस्तो खालका निर्देशनहरू दिएको छ। त्यसलाई पनि सरकारले कार्यान्वयन गर्ने पहल गरोस् भन्ने पनि अनुरोध गर्दै बिदा हुन चाहन्छु। धन्यवाद।

(१४:०३ बजे) **<u>सम्माननीय अध्यक्ष</u>:-** माननीय सदस्य नारायण दत्त मिश्र।

(१४:०४ बजे) **<u>माननीय श्री नारायण दत्त मिश्र (नेपाली काङ्ग्रेस)</u>:-** सम्माननीय अध्यक्ष महोदय, विकास, आर्थिक मामिला तथा सुशासन समितिले निकै मेहनत र लगानीका साथ तयार गरेको यस राष्ट्रिय सदाचार नीति सम्बन्धी प्रतिवेदन, २०८२ राष्ट्रको सम्पत्तिको रुपमा रहेको छ। मैले थाहा पाएका कुराहरू सदाचार भन्नाले असल आचरण, नैतिक व्यवहार, चरित्रको शुद्धता र मनको स्वच्छता हो। सदाचारका जाँचकीहरू सत्य बोल्नु, धोका नदिनु, अनुशासित रहनु, संयम भइ, क्रोध, लोभ र मोहबाट टाढा रहने कोसिसको निरन्तरता हो। अरूको सहयोगी हुनु, शिष्ट र सभ्य भाषाको प्रयोग गर्नु सदाचार हो। सदाचार किन आवश्यक छ भने व्यक्ति चरित्रवान् बन्दछ, समाजमा शान्ति र सद्भाव कायम हुन्छ। भ्रष्टाचार र अपराध घट्छ, राष्ट्रको नैतिक स्तर बलियो हुनुको साथै संसार भरिमा देश प्रतिको आधार भाव बढेर जान्छ। सदाचारीका नियमहरू हरू के हुन् ? घुस र कमिसनको लागि योजना नबनाउने झुठ र झन्झेटको खेती नगर्ने, अग्रज जेष्ठ नागरिकको सम्मान गर्ने, नियम कानुनको पालन सरलता साथ गर्ने, सदाचारले मानव जीवन, व्यक्ति, समाज र राष्ट्रलाई समुन्नत स्वच्छ र विश्वासिलो बनाउँछ। अब म हो नीतिको सँगसँगै यसको परिचालन नियमन रेखदेखको आवश्यकता त छ, तर

हाम्रा विचारमा परिवर्तन हुन पनि आवश्यक छ। सरकारी स्तरमा हवाई जहाज चढ्दा हुने अनियमितता र हवाई जहाज किन्दा हुने अनियमितताको आकार सानो ठुलो हुन सक्छ तर प्रकार उस्तै उस्तै छ कि जस्तो लाग्छ। के हामीले चाणक्यबाट केही व्यवहार सिक्न सक्छौं। चाणक्यले उहिले तेलको नै अभाव हुन्थ्यो। चाणक्यले दुइटा बत्तीको प्रयोग गर्थे। सरकारी काम गर्दा खेरि एउटा बत्ती बाल्थे भने आफ्नो घरको कामको लागि अर्को तेलको बत्ती बाल्थे। त्यसलाई हामीले कहि हामीले प्रयोग गर्ने सरकारी गाडीहरू हामीले सरकारी काममा मात्र प्रयोग गरेका छौं कि। एउटा सानो उदाहरण म एउटा यो प्रतिवेदनले धुम्रपान स्वास्थ्यको लागि हानिकारक छ भन्ने कुरा त भन्ने छ, तर उत्पादन वितरण र प्रयोगमा कुनै रोकटोक लागेको छैन। न त चुरोट पिउने मानिसहरूलाई घृणा नै गरिएको छ। त्यस्तै सदाचारको कुरा त हामीहरू गरिरहन्छौ तर सदाचार नगर्ने मान्छेहरूलाई अपमान गर्न हामीले सक्यौ कि सकेनौं। सदाचारको कुरा मलाई त लाग्छ सदाचारको कुरा तिनीहरूले लेख्छन् तिनीहरूले बोल्छन् जसले भ्रष्टाचार गर्ने ठाउँ पाएका छैनन्। धन्यवाद जय नेपाल।

(१४:०७ बजे) **<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्य सुमित्रा वि.सी.।

(१४:०७ बजे) **<u>माननीय श्री सुमित्रा वि.सी. (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्ष महोदय, आज विकास, आर्थिक मामिला तथा सुशासन समितिका सभापतिज्यूले राष्ट्रिय सदाचार नीति सम्बन्धी २०८२ प्रतिवेदन सभा समक्ष पेश गर्नु भएको छ र हामी सदाचारका बारेमा छलफल गरिरहेका छौं। म यो प्रतिवेदन समितिले तयार गरेर समितिको सचिवालयले पनि ठुलो मेहनत गरेर जुन ल्याउनु भएको छ र समितिले मात्र छलफल नगरेर राष्ट्रिय सभामा भएका सबै समितिहरूलाई बोलाएर पनि छलफल गरेर यो निचोडका साथ राष्ट्रिय सदाचार नीतिको आवश्यकता छ र यो नीति पास गर्नुपर्छ भनेर जुन सदनमा आएको छ। यसलाई मैले अ हार्दिक समर्थन गर्न चाहन्छु र यो हलबाट यो पास हुन्छ भन्ने म विश्वास गर्न चाहन्छु र त्यहाँ भित्र थुप्रै कुराहरू अहिले सम्म भएका गतिविधिहरूको बारेमा र भोलि सदाचार नीतिमा के के गर्नुपर्ने भन्ने कुराहरू यो प्रतिवेदनमा छन्। यहाँ अग्रजहरूले भनिसक्नु भएको छ।

हामी कुरा एउटा काम अर्को गर्ने व्यवहार अर्को गर्ने प्रवृतिको विरोध गर्यौं भने यो नीति बनाएर स्वाभाविक रूपले हामी कार्यान्वयनमा जान सक्छौं। त्यो गर्नका निम्ति नाबालक घरबाटै शिशुहरूलाई

सम्म घरका अभिभावकले शिक्षा दिँदै स्कूलमा पनि पाठ्यक्रमहरूमा यस्ता नैतिक शिक्षाहरूका बारेमा पाठ्यक्रममा राख्दै र हामी जुन जिम्मेवारी बोकेर जान्छौ जहाँ जिम्मेवारी लिन्छौं। त्यहाँ पनि हामीले सपथ खाने बेलामा जे कुरा गरेका हुन्छौ त्यो कुरो हामीले यदि कार्यान्वयन गर्यौं भने देखि यो सदाचार नीतिको राष्ट्रिय सदाचार नीति को अर्थ हुनेछ र त्यो यो चाहिँ गर्नका निम्ति हामी सबै आ-आफ्नो ठाउँबाट म म भनेर लागौं र एकले अर्कालाई दोष लगाउने र आफू चोखो बन्ने यो घातक प्रवृति हो भन्ने मलाई लाग्छ र हाम्रो देशमा जे कुरा पनि नीति नबन्दा सम्म, कानुन नबन्दा सम्म त्यसलाई व्यवहारिक कार्यान्वयनको पाटोमा नले कुरोहरू बेठिक छ र यो कुरोको निम्ति पनि हामी लाग्ने छौं र यो प्रतिवेदनलाई पास गरेर यहाँ आज तत्कालीन सरकारका प्रधानमन्त्री पनि आउनु भएको छ। मलाई लाग्छ उहाँले पनि यसलाई प्रतिबद्धता कार्यान्वयन गर्नका निम्ति प्रतिबद्धता जाहेर गर्नु हुनेछ भन्दै धन्यवाद।

(१४:१० बजे) **<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्य माया प्रसाद शर्मा।

(१४:११ बजे) **<u>माननीय श्री माया प्रसाद शर्मा (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)ः</u>**- सम्माननीय अध्यक्ष महोदय ,विकास आर्थिक मामिला तथा सुशासन समितिले राष्ट्रिय सदाचार नीति समिति मार्फत सबै सँग छलफल चलाएर बहस चलाएर नयाँ अनुभूति सहित सदनमा पेश गरेको छ म यसलाई धर्यतापूर्वक समर्थन गर्न चाहन्छु। र यसका सभापति, सचिव, माननीयज्यू सबै सबैलाई म हार्दिक धन्यवाद दिन चाहन्छु। यसले उठाउन खोजेका विषयहरूमा इमानदारिता र सत्यनिष्ठता पारदर्शिता जवाफदेहिता निष्पक्षता र समान व्यवहार हितको द्वन्द्व व्यवस्थापन भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता मर्यादीता..... भने मलाई लाग्छ अहिले अब हामी संसद छौं यो छोटो मैले हाम्रो माननीय गृहमन्त्रीज्यू पनि हुनुहुन्छ हामी गेटबाट भित्र पस्नौं संसदको मर्यादा हरण भैराखेको छ। त्यही निर नै भित्रै पस्दा खेरि पनि हैरान परिराखेको स्थिति छ सदाचार नीतिले यसलाई पनि। धन्यवाद।

(१४:१४ बजे) **<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्य गंगा कुमारी बेलबासे।

(१४:१४ बजे) **<u>माननीय श्री गंगा कुमारी बेलबासे (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)</u>:-** माननीय अध्यक्ष महोदय, राष्ट्रिय सदाचार नीति सम्बन्धी अध्ययन प्रतिवेदन आज हामी छलफल गरिरहेका छौं। विकास आर्थिक मामिला तथा सुशासन समितिले तयार गर्नका यसको व्यवस्था गर्यो र माननीयज्यूहरुले मेहनत गर्नुभयो त्यसको लागि म धेरै धन्यवाद दिन चाहन्छु। पूर्वीय दर्शनमा धर्म अर्थ काम सदाचार मूल्य मान्यताको उल्लेख भएको छ। राम्रा काम राम्रो परिणाम आएको हामीले देखिरहेका छौं र नराम्रो काम बनेका संरचनाहरू समयमा नबढ्ने ठेक्का तोडिने घटनाहरू पनि हामीले देखिरहेका छौं। नैतिकता मानवीय गुण हो धर्म हो नैतिक आचरण अभ्यास हो भने अनैतिक आचरण पनि अभ्यास नै हो र, हामी नैतिक भएर मात्रै हामी आफ्नो जीवनलाई सार्थक बनाउन सक्छौ कानुन सबैको लागि हो कानुनले सानो ठुलो हेर्दैन भनेर भनिन्छ तर सानोलाई ऐन ठुलालाई चयन भएको पनि हामीले देखिरहेका छौं राजनीतिक दल सम्बन्धी ऐन बनेको छ तर राजनीतिक दलमा पनि विभेदहरु गुटबन्दीहरू भैराखेको हामीले देख्छौ महिलाको नेतृत्व नस्वीकारेको पनि हामीले देख्छौ र देश संघीयतामा गएको छ १० वर्ष भयो संघीयतालाई संस्थागत गर्न उल्लेखनीय जिम्मेवारी निर्वाह हुन सकेको छैन संविधानमा समाजवाद उन्मुख व्यवस्था हो भने पनि जनताको आर्थिक एवं सामाजिक जीवन स्तर सुधार्न सुधारमा टेवा पुगेको देखिँदैन।

सार्वजनिक पदमा रहदाँ गरेका कार्यको जवाफदेहिता दिएको देखिँदैन गल्ती भएमा नैतिकता देखाउने आत्मरक्षा गर्ने र आवश्यक परे ठुला गल्तीमा राजीनामा दिने जस्ता कामहरू नगर्ने देखिन्छन्। शासन सत्तामा रहेका व्यक्तिले कानुनी शासन पारदर्शीता इमानदारिता निष्पक्षता जबाफदेहता जस्ता आधारभूत विषय देखाउनु पर्ने नैतिकता देखाएको देखिँदैन। त्यस्तै गरेर सार्वजनिक प्रशासनमा पारदर्शिता वित्तीय उत्तरदायित्व सरल सहसार्वजनिक खरिद प्रणाली भ्रष्टाचार नियन्त्रण गर्न संयन्त्रको स्थापना काम गर फलको आस नगर भन्ने कुरालाई अङ्गीकार गर्दै योग्यता अनुसारको काम र काम अनुसारको दाम दिने व्यवस्था गर्नुपर्दछ। संघीय संरचनाको मजबुती विकास खर्चको वृद्धि सो अनुशासन जवाफदेहिता चाहिन्छ र सरकारले पनि यो कदमलाई अगाडी बढाउनको लागि जेनजी आन्दोलन पछाडी एउटा समिति सचिवको नेतृत्वमा समिति गठन गरेको छ र यो काम समितिमा जुन दुई महिनाको कार्य समय दिएर सबैले कार्यदिश लिएर जुन काम अगाडी बढेको छ आजको यो प्रतिवेदन मस्यौदा प्रतिवेदनले सरकारले गरिएको यो सदाचार नीति पास हुँदैछ भन्ने आशा राख्दै मेरो भनाइ अन्त्य गर्छु। हस् त धन्यवाद।

**(१४:१७ बजे) सम्माननीय अध्यक्षः-** माननीय सदस्य किरण बाबु श्रेष्ठ।

**(१४:१७ बजे) माननीय श्री किरण बाबु श्रेष्ठ (नेपाली काङ्ग्रेस):-** सम्माननीय अध्यक्ष महोदय, नेपाली समाज सदाचार सुशासन र इमानदारी दुर्लभ बन्दै गर्दा दुराचार नैतिक हीनता र भ्रष्टाचारको व्यापकता छ भ्रष्टाचार नेपालको एक नम्बर चुनौती बनेको छ। यसै सन्दर्भमा यो चुनौतीलाई सम्बोधन गर्न अहिले मात्र हैन धेरै अगाडि नै २०७४ सालमा नै राष्ट्रिय सदाचार नीति, २०७४ आएको थियो भन्ने सुनिन्थ्यो तर त्यो आज कहाँ गयो। कता हराएको छ त्यो थाहा छैन। अहिले जरुरी छ यो व्याप्त यो दुराचार व्याप्त यो नेपाल भरि देखिएका असंगति अनुशासनहीनता यसबेला यो सदाचार नीति को सम्बन्धमा अध्ययन गरेर विकास आर्थिक मामिला तथा सुशासन समितिले जुन प्रतिवेदन यहाँ प्रस्तुत गरेछ त्यो अत्यन्त सान्दर्भिक छ र अहिलेको यस अवस्थामा यस प्रतिवेदन लाई हामीले अङ्गीकार गर्दै नेपाल सरकारले यस प्रतिवेदनलाई हृदयंगम गर्दै चाडै नै सदाचार नीति ल्याओस् भन्ने पनि म यहाँ अनुरोध गर्न चाहन्छु र साथै यदि सदाचार नीति समयमा नै आएको भए नेपाली समाज यति भ्रष्ट हुदैन् थियो कि नेपाली समाज यति अनुशासनहीन बन्दैन थियो कि?

केही दिन अगाडि केही समय अगाडि केही महिना अगाडि राष्ट्रिय सम्पत्ति सिंहदरबार तपाईको हाम्रो संसद भवन सर्वोच्च अदालत जस्ता राष्ट्रिय सम्पत्तिहरू जलाइदिदैन थियो कि अथवा राष्ट्रिय सदाचार नीति पहिले नै ल्याएर उनीहरूको दिमागमा घुसाइँदिन सक्या भए हाम्रा निष्पक्ष चुनाव गर्छु भन्ने मन्त्री महोदयहरू नैतिकता बिर्सेर कुलेलम ठोक्दै अहिले कुनै पार्टीको झण्डा मुनि गएर चुनाव लड्दैन थिए कि यसकारण पनि अहिले सदाचार नीति अत्यन्त आवश्यक भएकोले चाडै नै आओस् भन्ने पनि म सरकार समक्ष अनुरोध पनि गर्न चाहन्छु र सदाचार नीतिमा केवल जान्नु मात्रै ज्ञान हासिल गर्नु मात्रै कुरा होइन यसलाई व्यवहारमा कति उतार्न सकिन्छ भन्ने कुरो पनि सबभन्दा महत्वपूर्ण कुरा हो। ज्ञान र विवेक अलग अलग पाटो हो भन्ने मलाई लाग्छ। ज्ञान मात्र प्राप्त गरेर हुदैन्। त्यो ज्ञानलाई यदि हामीले विवेक प्रयोग गरेनौ भने त्यो ज्ञान ज्ञान मात्र रहन्छ यहाँ हामीले देखेका छौं धेरै धुरन्धर विद्वानहरु धेरै पढे लेखेका मान्छेहरू बौद्धिक व्यक्तित्वहरू ज्ञान त धेरै हासिल गरेका हुन्छन् तर उनीहरूको ज्ञान कहाँ प्रयोग गरेका हुन्छ भने मान्छे मार्नमा समाजको विरुद्धमा समाज कल्याणको विरुद्धमा प्रयोग भएका ज्ञानहरू हामीले देखेका छौं त्यसकारण यो ज्ञानलाई सहि रुपमा प्रयोग गर्नलाई पनि विवेकको जरुरत हुन्छ यो सदाचार नीति चाडै नै आओस् र त्यस तर्फ अगाडी बढोस् पनि अनुरोध गर्न चाहन्छु। धन्यवाद जय नेपाल।

(१४:२० बजे) **<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्य रुकमिणी कोइराला।

(१४:२० बजे) **<u>माननीय श्री रुकमिणी कोइराला (नेपाल कम्युनिष्ट पार्टी, एमाले)</u>**:- सम्माननीय अध्यक्षज्यू, आज हामी यहाँ सदाचार नीति सम्बन्धी प्रतिवेदनमा धारणा राखिरहेका छौं छलफल गरिरहेका छौं। यो प्रतिवेदन विकास आर्थिक मामिला तथा सुशासन समितिले धेरै राम्रो बनाएर ल्याएको छ म यसलाई स्वागत र समर्थन गर्न चाहन्छु। तर पनि मलाई लागेको कुरा यो प्रतिवेदनमा ४९/५० वटा शीर्षकमा सदाचार नीति लागु गर्नको लागि चाहिने सामग्रीहरू छन्। यी सबै शीर्षकमा सदाचार नीति ख्याल गरेर पालना गर्ने हो भने देश बन्न धेरै बेर लाग्दैन थियो। अर्को सात वटा कानुनमा कार्यान्वयनमा जिम्मेवारी गर्ने हो भने तीन तहका सरकारहरू, राजनीतिक दलहरू, संवैधानिक निकायहरू, संसद संसदीय र समितिहरू विभिन्न विभागहरू राजस्व अनुसन्धान सम्पत्ति शुद्धीकरण उद्योग वाणिज्य गैर राज्य संरचनाहरू गैर सरकारी निजी क्षेत्र नागरिक समाज सञ्चार माध्यम राष्ट्रिय सतर्कता केन्द्र र राष्ट्रिय सूचना आयोग सार्वजनिक खरिद अनुगमन कार्यालय समाज कल्याण परिषद् लगायतका संस्थाहरूलाई मात्र फलो गरेर सदाचार नीति लागु गरिने हो भने देशले आफै काँचुली फेर्छ भन्ने मलाई लाग्छ।

यसमा पहिलो एक वर्षमा नेपालमा भ्रष्टाचार वृद्धिमा एक नम्बरमा रहेको देखियो देखिएको छ हेर्दा कहाली लाग्दो देखिन्छ। अघिल्ला पाँच वर्षमा नेपालमा कहिले नभएको विकासको काम भएको छ। विगतमा कुन सरकारका पालामा के के काम भए त्यसको लेखा जोखा गर्न पनि जरुरी छ। अबको बाटो सदाचार नीति लागु गर्न अति आवश्यकता छ। सुझावहरूमा १ खर्ब १८ अर्बको ठुलठुला राष्ट्रिय गौरवका योजनाहरूमा बजेट छुट्याएको त्यो भन्दा अरू पनि बजेटहरू त्यसैगरी छुट्याएको छन्। अघिल्ला सरकारका पालामा तर ठेकदारले समयमा काम नगर्ने आलटाल गर्ने गरेकोले बारम्बार म्याद थप गराउने घोटाला गर्ने कारणले दलका नेताहरूले नमिठो गाली खानु परेको छ। संसदले नीति बनाउँछ तर नीति लागु गर्ने कुरामा राजनीति दलले राष्ट्रसेवक कर्मचारीलाई देखाउने कर्मचारीले राजनीतिक दललाई देखाउने परिपाटीको अन्त्य हुनुपर्छ र सबैले सदाचार नीति लागु गर्नुपर्छ देश आफै बन्छ सरकार निजी क्षेत्र राजनीति दल नागरिक समाज व्यक्तिको सदाचारिता आत्मशुद्धि हुनुपर्छ भन्दै यो प्रतिवेदन पास होस् भन्न चाहन्छु। धन्यवाद।

(१४:२३ बजे) **<u>सम्माननीय अध्यक्षः</u>**- माननीय सदस्य पदम बहादुर परियार।

(१४:२३ बजे) **<u>माननीय श्री पदम बहादुर परियार (नेपाली काङ्ग्रेस)</u>**:- सम्माननीय अध्यक्ष महोदय, भाद्र २३ र २४ को जेनजी आन्दोलनका प्रमुख मागहरूमा देशमा भ्रष्टाचार अन्त्य गरि सुशासन कायम हुनुपर्ने रहेको थियो। आज मलाई असाध्य खुशी लागेको छ त्यही आन्दोलनको जगमा बनेको यो सरकारका प्रमुख सम्माननीय प्रधानमन्त्रीज्यू, राष्ट्रिय सभाको सदनमा पहिलो चोटि सम्भवता हामीसँगै बसेर यो छलफलमा भाग लिनु भएको छ मलाई २३ गते भन्दा अगाडिका सदनहरूको याद आइरहेको छ। सम्माननीय अध्यक्ष महोदय, खास गरिकन सम्माननीय प्रधानमन्त्रीज्यूले प्रतिनिधि सभा सदस्य निर्वाचन फागुन २१ मा नै गर्ने गरि जुन अर्जुन दृष्टि लगाउनु भएको छ यो नेपालको इतिहासमा यसले विशिष्ट मूल्याङ्कन हुनेछ भन्ने मैले विश्वास लिएको छु। यो विकास आर्थिक मामिला तथा सुशासन समितिले प्रस्तुत गरेको सदाचार नीतिका सन्दर्भमा कुरा गरिरहँदा २०७४ सालमा नै यसको मस्यौदा आएको थियो। त्यो विभिन्न कारणले त्यो नीति पास हुन सकेन र अहिले समितिले जुन यो प्रतिवेदन ल्याएको छ।

यो प्रतिवेदनले नेपालमा सुशासनको पछिल्लो अवस्था सुशासन कायम गर्ने नेपाल सरकारका प्रमुख निकायहरूका असल र सुधार गर्नुपर्ने पक्षहरू सुशासन प्रवर्धन गर्न भएका विद्यमान कानुनहरु सदाचार नीतिको आवश्यकता सदाचार नीतिको खाका सहित आएको यो प्रतिवेदन वास्तवमा ज्यादै नै खँदिलो भएको मैले पाएको छु। यस प्रतिवेदनमा समेटिएका केहि नीतिहरूले खास गरिकन आम नागरिकको नैतिकताको विकास गर्ने र नैतिक मुल्यमान्यतालाई प्रवर्धन गर्ने कुरा खुशी र सम्मानित हुने अथवा कसरी बनाउने भन्ने बारेमा स्पष्ट नीति रणनीतिहरू लिन सकेको देखिँदैन। क्षेत्रगत रणनीतिहरूमा पनि विधायिका र कर्मचारी तन्त्रलाई एकै ठाउँमा राख्न कति उपयुक्त हो हामीले हेर्नुपर्ने छ। नीति रणनीति मात्र पर्याप्त छन् वा यसको लागि कानुन नै बनाउनुपर्ने हो यो कुरा पनि हामीले हेर्नुपर्ने छ। खास गरिकन हामीहरू ग्रे लिस्टमा परेको अवस्था छ भ्रष्टाचार बढ्दै गएको छ भ्रष्टाचार सम्बन्धी महासन्धिको दायित्व पुरा गर्नुपर्ने छ। तसर्थ यो प्रतिवेदनलाई छिटो भन्दा छिटो सभाबाट पास गरेर सम्बन्धित मन्त्रालयबाट यो नीतिलाई अगाडी बढाउने गरेर समिति सभाले पास गरोस्। अन्त्यमा देश चुनावमा भैरहदाँ सरकारले दिने सेवा प्रवाहमा सदाचार सुशासन र सामाजिक न्याय भएको परिणामले

देखाउन सकेका छौं कि छैनौ हेर्नुपर्ने छ नेपाल सरकारले कुशासन देखिने र निर्वाचनको प्रक्रिया र प्रणालीलाई प्रत्यक्ष वा परपक्ष रुपमा नेपाली नागरिकलाई दुर्गामी असर पर्ने गरि कुनै निर्णय गरेको छ कि छैन भनेर हामीले अहिले पनि हेर्नुपर्ने अवस्था छ। तसर्थ म यी कुराहरू राख्दै यो प्रतिवेदनलाई पास गरेर अगाडी बढ्नको लागि अनुरोध गर्दछु। धन्यवाद।

(१४:२६ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य राजेन्द्र लक्ष्मी गैरे।

(१४:२६ बजे) **माननीय श्री राजेन्द्र लक्ष्मी गैर (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, हाम्रो बीचमा विकास आर्थिक मामिला तथा सुशासन समितिको माननीय सभापति कमला पन्तले सदाचार नीतिको प्रतिवेदन, २०८२ हाम्रो बीचमा ल्याउनु भएको छ र हाउसमा यहाँ प्रस्ताव गर्नु भएको छलफलको लागि प्रस्ताव भएको छ। यो महत्वपूर्ण दस्तावेज हाम्रो बीचमा आएको छ यो दस्तावेजमा धेरै कुराहरू समेट्न खोजिएको छ मलाई लाग्छ यो सदाचार नीतिमा न्यायको कुरा इमानदारीको कुरा विश्वासको कुरा अनुशासनको कुराहरू कायम गर्नु पर्ने कुरा महत्वपूर्ण कुरा भन्ने मलाई लाग्छ। हिजो हामीले कति विश्वास गर्थ्यौं आज हाम्रो विश्वास किन टुटेको छ हामीले विश्लेषण गर्नु पर्ने हुन्छ र यहाँ हामीले छलफल गर्नको निम्ति भ्रष्टाचारको वृद्धिको कुरालाई हेर्दा खेरिमा पनि २०८०/०८१ मा स्थानीय तहको एउटा उजुरी हेर्दा पनि झन्डै १९ हजार भन्दा बेसी यहाँ अख्तियारमा परेको उजुरी देखिन्छ यसले गर्दा हामीले के सहज बुझ्न सक्छौ भने तल देखि माथि सम्म यो भ्रष्टाचारको कुराहरू मौलाएको छ माथिकोले तलकोलाई देखाउने तलकोले माथि देखाउने इमानदारको हो त हाम्रो बीचमा यो पुल किन टुटेको छ विश्वास किन टुटेको छ आज हामीले माथि देखि तलसम्म हामी इमानदार हुन सक्यौ हामी बफादार हुन सक्यौ हामीले आफूलाई अनुशासनमा राख्न सक्यौ भने सबैले वाहवाह भन्ने परिस्थिति आउँछ भन्ने मलाई लाग्छ र यो सुधार गर्नको निम्ति चाहे संसदीय समिति होस् चाहे न्याय परिषद् होस् चाहे संवैधानिक निकायहरू होस् चाहे सतर्कता केन्द्र होस् यी सबैको आफ्नो महत्वपूर्ण भूमिका हुन्छ भन्ने मलाई लाग्छ र हामीले संकटको बेलामा विशेष गरि हामी हेरिरहेका छौं। हाम्रो जीवनमा ल्याउने परिवर्तनहरू मान्छेको जीवनमा जुन परिवर्तनहरू देखिन्छ अस्वाभाविक परिवर्तनहरू देखिन्छ त्यसले स्वाभाविक रुपमा समाजका मान्छेले आफूलाई उस्तै ठान्छ र भ्रष्टाचारीको आँखाले हेर्छ तर यहीले गर्दा खेरिमा हाम्रो जनजीवनमा ल्याएका प्रभावहरू पनि हामीले

एउटा त्यो पसियो भन्ने हामीलाई लाग्छ र आज प्रधानमन्त्री पनि हाम्रो बीचमा हुनुहुन्छ हामी यो राष्ट्रिय सभाको एउटा गरिमा जो समावेशी छ दलित महिला सबैको समावेशी सहनमा एउटा मैले मन्त्रीज्यूहरूकै मुखबाट सुने यो स्वकीय सचिवहरूले फाइल लिएर गएर भ्रष्टाचार गरे त्यहीँ भनेर सञ्चारमा हामीले हेर्यौं यो शब्द पचाउन पनि हामीलाई गाह्रो भयो यो कुराले हामीलाई पिडा दिएको छ हामी यो शब्द बताउन पनि चाहदैनौं।

(१४:२९ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य श्रीकृष्ण प्रसाद अधिकारी।

(१४:३० बजे) **माननीय श्री श्रीकृष्ण प्रसाद अधिकारी (नेपाल कम्युनिष्ट पार्टी, माओवादी केन्द्र)ः**- सम्माननीय अध्यक्ष महोदय, सुशासन प्रवर्धनका लागि राष्ट्रिय सदाचार नीति सम्बन्धमा आएको अध्ययन प्रतिवेदन, २०८२ मा धारणा राख्न चाहन्छु। ग्लोबल करप्सन बायोमिटर एसिया २०२० ले निकालेको आँकडामा नेपालमा पछिल्लो एक वर्षमा भ्रष्टाचार बढेर ५८ प्रतिशत पुगेको देखाएको छ। हेलो सरकारमा आएका परेका उजुरीहरू त्यसैगरी महान्यायाधिवक्ताको कार्यालयमा परेका उजुरी निवेदनहरु  राजस्व अनुसन्धान सम्बन्धी विदेशी विनिमय अवचलन सम्बन्धी उजुरीहरू र सम्पत्ति शुद्धीकरण तर्फका उजुरीहरू र सर्वोच्च अदालतमा परेका मुद्दाहरूको फैसलाका आँकडाहरू हेर्दा त्यति सन्तोषजनक देख्ने अवस्था छैन यी आँकडाहरू सन्तोषजनक आँकडाहरू होइनन् भन्ने नै महालेखाको प्रतिवेदनले पनि औंल्याएको छ। सुशासन सदाचारको नारा भाषण मात्र सीमित भयो व्यवहारमा प्रयोग र परिणामको सन्तोषजनक अनुभूत हुन पाएन भन्ने आम चिन्ता र राज्यको जवाफदेहिताका हिसाबले १८ महिने सरकारले भ्रष्टाचार विरुद्ध दृढतापूर्वक चालेको कदमले एक हद सम्म जनतामा एउटा आशा जगाएको थियो। सुशासनलाई केन्द्रमा राखी त्यतिबेला भ्रष्टाचार अनियमता छानबिनमा रहेका फाइलहरू कसरी रोकिए भन्ने तर्फ पनि प्रतिवेदनमा उल्लेख गर्दा अझ राम्रो हुन्छ भन्ने लाग्छ।

शासकीय सुधार तर्फ राष्ट्रिय सदाचार नीति नहुदा राज्य र समाज भित्र बढ्दै गएको विकृति विसंगति अनियमिता भ्रष्टाचार र आम जनस्तरमा परेको प्रभावलाई दृष्टिस्तर गरि प्रदेश र स्थानीय तहमा स्थल अध्ययन अन्तरक्रिया र अन्तर्राष्ट्रिय अनुभव संयुक्त राष्ट्र संघ महासभाले २००५ देखि लागु गरेको भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धिको धारा ८ ले निर्दिष्ट गरेको ६ बुँदे निर्देशन समेतका आधारमा यो प्रतिवेदन निकै मेहनतका साथ आएको छ म यो प्रतिवेदनलाई स्वागत र समर्थन गर्न चाहन्छु देशमा

व्याप्त आर्थिक अनियमता अनुशासनहीनता अपारदर्शिता भ्रष्टाचारका कारण नेपालको छवि अन्तर्राष्ट्रिय रुपमा बिग्रेको स्पष्टै छ नैतिक आचरण आत्मशुद्धता पारदर्शिता जवाफदेहिताको खाँचो छ। नैतिक शिक्षाको आवश्यकता तर्फ यो प्रतिवेदनले औंल्याएको छ। सम्माननीय अध्यक्ष महोदय मार्फत यो प्रतिवेदनलाई यो सम्मानित सभाबाट पारित गरेर यो प्रतिवेदन अनुसार सदाचार नीति बनाउनको लागि म सरकार सँग अनुरोध गर्न चाहन्छु। धन्यवाद अभिवादन।

(१४:३२ बजे) **सम्माननीय अध्यक्षः**- माननीय सदस्य मदन कुमारी शाह "गरिमा"।

(१४:३३ बजे) **माननीय श्री मदन कुमारी शाह "गरिमा" (नेपाल कम्युनिष्ट पार्टी, एकीकृत समाजवादी)**:- सम्माननीय अध्यक्षज्यू, अति आवश्यक सदाचारको आवश्यकता महसुस गरि यस विषयमा सरकारको ध्यानाकर्षण गराएकोमा सर्वप्रथम म विकास आर्थिक मामिला तथा सुशासन समितिलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु यस कार्यमा सफल हुनु भएकोमा सभापति माननीय कमला पन्त र समिति परिवारलाई विशेष धन्यवाद दिन चाहन्छु। समितिले सरोकारवाला सबैको सहभागितामा गहिरो अध्ययन गरेर मुलुकका लागि अत्यन्त अपरिहार्य राष्ट्रिय सदाचार नीति सम्बन्धी अति महत्वपूर्ण अध्ययन प्रतिवेदन तयार गरेको छ। उच्च नेपाली संस्कृतिको इतिहास भएको नेपाली समाजमा नैतिकता फस्किँदै छ। एक प्रकारले खडेरी परेको छ भन्दा अति सत्य नहोला यो हाम्रा लागि अत्यन्त चिन्ताको विषय हो यस्तो अवस्थामा सदाचार युक्त नेपाली समाज निर्माण गर्न यो प्रतिवेदनको कोष हितको सारिका हुन्छ भन्ने विश्वास लिएको छु। सम्माननीय अध्यक्षज्यू, सदाचार नैतिक गुण हो जुन गुण सत्य न्याय आचरण इमानदारिता शिष्टता आत्मसंयम र कर्तव्य निष्ठामा आधारित हुन्छ। सदाचार नैतिक आचरण हो जसबाट व्यक्ति आफ्ना विचार वाणी र कार्यमा सत्य इमानदारी र सामाजिक जिम्मेवारी निर्वाह गर्छ। जो व्यवहार सहि नैतिक र समाजका लागि बेहतर हुन्छ त्यही सदाचार हो। यद्यपि नैतिकता निष्ठा इमानदारिता जस्ता विषय व्यक्ति स्वयमले व्यवहारमा लागु गर्नु पर्ने विषय हुन् तथापि सार्वजनिक सेवकको सार्वजनिक जीवनमा व्यक्तिगत सार्वजनिक निर्माण र कर्तव्य निर्वाह गर्न सबैका लागि साझा नैतिक दायित्व र व्यावहारिक निष्ठा सार्वजनिक गर्न र त्यो प्रति उत्प्रेरित गर्न सदाचार नीति आवश्यक छ पद्धतिमा आधारित रहेर काम गर्ने परिपाटी कमजोर भएका कारण सदाचार नीतिको आवश्यकता छ। सम्माननीय अध्यक्षज्यू, सार्वजनिक लगायत सबै क्षेत्रमा सदाचार नीतिको उद्देश्य भ्रष्टाचार नियन्त्रण प्रशासनमा

पारदर्शिता जनताको भरोसा र विश्वास कायम राख्नु नैतिक मूल्यहरूको वृद्धि गर्नु र गलत आचरणलाई रोक्नु हो अर्थात् संविधान कानुन र नैतिक मूल्यका अनुसार काम गर्नु। घुस र भ्रष्टाचारबाट टाढा रहनु राजनीतिक निष्पक्षता प्रकट गर्नु सरकारी गोपनीयता कायम राख्नु पदको दुरुपयोग नगर्नु सरकारी सम्पत्तिको सहि उपयोग गर्नु अनुचित लाभ नलिउ साबिक मर्यादित र सम्मानजनक व्यवहार गर्नु र सार्वजनिक ओहदामा बसेका व्यक्तिले समाजमा भ्रम फैलाउने बयानबाजी नगर्नु हो तर हामी कहाँ त पाँच दिनमा भ्रष्टाचार नियन्त्रण गर्न सकिन्छ भनेर जनतामा आशा लगाउने काम गरिन्छ पदमा बसेकाले गरेनन् भनेर झन् आक्रोश जन्माउने काम गरिन्छ तर जब भन्नेहरू गर्ने ठाउँमा पुग्छन् भ्रष्ट र अनैतिकहरूलाई उन्मुक्ति र कष्ट दिने काम हुन्छ।

सम्माननीय अध्यक्षज्यू, सार्वजनिक पद धारण गरेका व्यक्तिहरूले आफ्नो र परिवारको सम्पत्ति विवरण सार्वजनिक गर्नु सदाचार नीति भित्र पर्दछ तर हामीले यो नीति पालना गरिरहेका छैनौं। सल्लाह गरेर सम्पत्ति विवरण सार्वजनिक नगर्ने निर्णय गर्ने देशका हामी नागरिक हौं। चुनावी स्तरका मन्त्रीहरू आफ्नो कर्तव्य पुरा नगरी सांसद र प्रधानमन्त्री हुने लालसामा नैतिक दायित्वबाट बाट पन्छे र चुनाव लड्न दौडिने अहिलेकै गैर राजनीतिक सरकारका मन्त्रीहरूमा पनि देखियो। उपहार लिने दिने नियम आफ्ना लागि आफू अनुकूल बनाउने प्रवृति देखिन्छ। सम्माननीय अध्यक्षज्यू, कर्मी र प्रतिनिधिमा कहि कतै भेट्दैन हो यसकारण चाहिएको छ सदाचार नीति सम्माननीय अध्यक्षज्यू।

**(१४:३६ बजे)** **सम्माननीय अध्यक्ष:-** माननीय सदस्यहरू सदा राष्ट्रिय सदाचार नीति सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ माथिको छलफलमा माननीय सदस्यहरूले बोल्ने क्रम यही समाप्त हुन्छ। माननीय सदस्यहरू अब सम्माननीय प्रधानमन्त्री सुशिला कार्कीलाई छलफलमा उठेका प्रश्नहरूको जवाफ दिन समय उपलब्ध गराउँछु।

**(१४:३७ बजे)** **सम्माननीय प्रधानमन्त्री श्री सुशिला कार्की:-** पहिले यो सम्बोधन गर्नु भन्दा पहिले एउटा दुइटा कुराहरू म यहाँ मैले अध्यक्षज्यूलाई पछिबाट सम्बोधन गरौला। यो मेरो पहिलो पल्ट हो जीवनमा यो पनि यस्तो पनि आयो मौका अब परिस्थितिले ल्याएको हो। रहरले पनि आएको होइन। मलाई त्यस्तो लाग्छ। मैले खोजेर गएको पनि होइन। परिस्थितिले बाध्य बनायो म आए। र अहिले यो जुन एउटा अवसर यहाँ मैले पाए सायद जीवनमा फेरी म पाउन कठिन छ होला र मैले

पाउने आशा गरिया पनि छैन। र यो अनुभव पनि पाए म हाउसमा बहुत कम म गएको छु प्रतिनिधि सभाको हाउसमा पनि म गएको छुईन। प्रधानन्यायाधीश भएपछि या न्यायाधीश भएपछि नौ वर्ष सम्म मेरो अमूल्य समय थियो। त्यो समयको बीचमा त म कहिले जान पनि सकिन। जाने कुरा पनि आएन। प्रधान न्यायाधीशले त्यो अर्को तेस्रो सरकारको एउटा अर्को अङ्गमा त जाँदैन पनि। र आज यसलाई जीवनमा एउटा राम्रो अनुभव जीवनमा एउटा यस्तो मोड आएकोमा मलाई यो समयले साथ दिएर यो आउन परेको हुनाले मलाई खुशी लागेको छ। यो हेर्ने अवसर पनि पाए यहाँ बोल्ने समय पनि पाए। र अब म मेरो कुराहरू म सुरु गर्छु।

सम्माननीय अध्यक्षज्यू, २०८२ भदौ २३ र २४ गते जेनजी युवाहरूको अगुवाइमा भएको आन्दोलनका जगमा गठित अन्तरिम सरकारको प्रधानमन्त्रीको हैसियतले मैले पहिलो पटक राष्ट्रिय सभाको यस गरिमामय बैठकमा उपस्थित भइ केहि कुरा राख्न पाउँदा मलाई एउटा ऐतिहासिक मोडको साक्षीका रुपमा गम्भीर जिम्मेवारी बोध भएको छ। हालै सम्पन्न राष्ट्रिय सभाको निर्वाचनबाट निर्वाचित हुनुभएका सम्पूर्ण सदस्यहरूलाई बधाई सहित उपलब्धि मूलक कार्यकालका लागि हार्दिक शुभकामना व्यक्त गर्दछु। त्यस्तै आफ्नो कार्यकाल पुरा गरि बिदा हुन लाग्नु भएका माननीय सदस्यज्यूहरुमा बधाई ज्ञापन गर्दै आगामी सुख जीवनको कामना गर्दछु। म प्रधानमन्त्री भएकै दिन अर्थात् २०८२ भदौ २७ गते जेनजी आन्दोलनको भावना अनुरूप तत्कालीन परिस्थितिलाई सामान्यकरण गरि मुलुकमा थप द्वन्द्व चर्किन नदिन र जनधनको क्षति रोक्न तथा राज्यलाई पुनःसवैधानिक लयमा फर्काउन २०८२ फागुन २१ गते निर्वाचन गर्ने तत्कालीन प्रतिनिधि सभा विघटनका लागि सम्माननीय राष्ट्रपतिज्यूलाई सिफारिस गरेकी थिए। सोही सिफारिस बमोजिम प्रतिनिधि सभाको विघटन भएको र तोकिएको समयमा स्वच्छ निष्पक्ष र विश्वासनीय वातावरणमा चुनाव सम्पन्न गरी जननिर्वाचित सरकारलाई शक्ति सम्पुन्न यो सरकार आतुर रहेको व्यहोरा यस सम्मानित सदनमा जानकारी गर्न चाहन्छु। म यस सदनमा जेनजी आन्दोलनमा सहादात प्राप्त गर्नु भएका सहिद प्रति सम्मान प्रकट गर्दै सहिद परिवारमा पुग्न गएको अपूर्णीयक्षति प्रति गहिरो दुख व्यक्त गर्दछु साथै आन्दोलनका घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

यस अघि विभिन्न अवसरमा भनिसकेको छु कि म कुनै शासकीय आकांक्षा बोकेर कुनै पदको लालसा लिएर प्रधानमन्त्री भएको होइन बिथोलिएको संवैधानिक व्यवस्थालाई ट्र्याकमा ल्याउन र देशलाई संकटबाट बचाउन परिवर्तनकामी भूमिका युवाको आग्रह राजनीतिक दलहरू र सम्माननीय राष्ट्रपतिज्यू सँगका छलफलका आधारमा विषम परिस्थितिमा मैले प्रधानमन्त्रीको जिम्मेवारी लिएकी

हु। सम्माननीय अध्यक्ष महोदय, भदौ २३ र २४ गते जेनजी युवाहरूको नेतृत्वमा भएको विद्रोह हाम्रा शासकहरूमा युवा आकांक्षाका व्यवस्था मुलुकमा व्याप्त भ्रष्टाचार राज्य सञ्चालनमा देखिएको समय संवेदन हीनता विरुद्धको चेतनाको प्रतिबिम्ब थियो। संविधानको मर्म र भावना बमोजिम सुशासन समृद्धि र विकासको क्षेत्रमा भएका कमजोरी र त्यसबाट सिर्जित असन्तोष अभाव वा उपेक्षाको कारणले यस आन्दोलनको जन्म भएको कुरालाई हामीले स्वीकार गर्नुपर्दछ। उक्त आन्दोलन वर्तमान संविधानले परिकल्पना गरेको संघीय गणतन्त्रात्मक शासन प्रणाली नागरिक स्वतन्त्रता मौलिक अधिकार र सुशासन लगायतका लोकतान्त्रिक मूल्य मान्यतामा हामी खरो उत्रन नसक्नुको परिणाम पनि हो। यो विद्रोह यस्तो ऐना हो जसमा हामीले हाम्रा आफ्नै शासकीय त्रुटिहरू र आचरणगत कमजोरीहरू देखिएका छौं। सूचना प्रविधिमा भएको चमत्कारी विकासको बारेमा जानकार नेपाली युवा पुस्ताले आफ्नो मुलुकमा पनि राज्यका स्रोत साधन र अवसरमा समान पहुँच रोजगारी र गुणस्तरीय जीवनको आकांक्षा राखेको छ। यी आकांक्षा केवल युवाका मात्र होइनन् बरु नेपालको आर्थिक रूपान्तरणका अनिवार्य कति हुन्। तसर्थ ती आकांक्षा पुरा गर्न राज्यका तीनै अङ्गहरू कार्यपालिका व्यवस्थापिका र न्यायपालिकाका जिम्मेवार भइ लागि पर्न निकै ढिलाई भैसकेको छ यही कारण हामीले ठुलो क्षति बेहोर्नु परेको छ। वर्तमान सरकारले जेनजी आन्दोलनमा मृत्युवरण गरेका योद्धाहरूलाई सहित घोषणा गरि सम्बन्धित परिवारलाई राहत उपलब्ध गराउनुका साथै घाइतेहरुको उपचार तथा जीविकालाई प्राथमिकता दिएर काम गरेको छ आन्दोलनका मागहरूलाई सम्बोधन गर्ने गरि सरकार र आन्दोलनकारी प्रतिनिधि बीच मुलुकको राजनीतिक दिशा बदल्ने ऐतिहासिक सम्झौता सम्पन्न भएको छ। सार्वजनिक निकायका काम कारबाहीलाई पारदर्शी र उत्तरदायी बनाई भ्रष्टाचारी न्यूनीकरणमा पूर्ण प्रतिबद्धताका साथ सरकार लागि परेको छ। भ्रष्टाचार न्युनीकरण सम्बन्धी रणनीतिक योजना तथा प्रविधिमा आधारित सुशासनको मार्ग क्षेत्र तयारीको कार्य अन्तिम चरणमा पुगेको बेहोरा यहाँ अवगत गराउन चाहन्छु।

२०८२ फागुन २१ गते हुन गइरहेको प्रतिनिधि सभाको निर्वाचनका लागि उम्मेदवार को मनोनयन सम्पन्न भइ राज्यका स्रोत साधन निर्वाचनमा केन्द्रित गरिएको छ। आन्दोलनका क्रममा लुटिएका हतियारहरू मध्ये अधिकांश बरामद भैसकेको र सुरक्षाको पूर्ण प्रत्याभूति गरिएको छ। एकीकृत निर्वाचन सुरक्षा स्वीकृत गरि कार्यान्वयनमा ल्याइएको छ। सबै सुरक्षा संयन्त्र प्रचालन सुनिश्चित गरिएको छ। चुनावमा देखिएको राजनीतिक दल तथा विभिन्न उम्मेदवारहरूको सहभागिता तथा जनतामा देखिएको उत्साहले नेपाली जनताको लोकतान्त्रिक प्रतिको आस्था विश्वास भरोसा अनि प्रतिबद्धतालाई दर्साइएको छ। यो निर्वाचन केवल सदनमा जनप्रतिनिधि पठाउने एउटा नियमित प्रक्रियाको अङ्ग मात्र होइन बरु

यो त नेपाल राष्ट्रको नयाँ राजनीतिक संस्कृतिको प्रस्थान बिन्दु बन्नु पर्दछ भन्ने मेरो सविनय आग्रह छ। तसर्थ निर्वाचन आचरण संहिताको पूर्ण पालना गरि आगामी निर्वाचनलाई स्वच्छ र भएरहित वातावरणमा सम्पन्न गर्न म यस सम्मानित सदन मार्फत सबै पक्षसँग हार्दिक अपिल गर्दछु। परिस्थितिलाई सामान्यकरण गर्दै निर्वाचनका लागि यो वातावरण बनाउन संघीय सरकारका अवयवका साथै प्रदेश र स्थानीय सरकार निर्वाचन आयोग राजनीतिक दल जेनजी आन्दोलनका अगुवा तथा प्रतिनिधि नागरिक समाज कूटनीतिक समुदाय सञ्चार माध्यम सबैको सहयोग र सदभावले सम्भव भएको हो यसका लागि सम्माननीय अध्यक्ष मार्फत सबै पक्षको यस खालको सुजुझको म उच्च सराहना गर्दछु।

आज हामीले सदाचार नीति सम्बन्धमा छलफल गर्यौं यो भविष्यमा भ्रष्टाचार शून्य नेपाल बनाउने महत्वपूर्ण दस्तावेजका रुपमा आउनेछ भन्ने विश्वास लिएकी छु। तर सदाचार भन्ने कुरा कुनै भाषण प्रवचन वा दस्तावेजका सुन्दर अक्षरहरूको सजावटले मात्र कायम हुने होइन यो हामी प्रत्येक सार्वजनिक पदाधिकारीको आचरण र व्यवहारमा प्रदर्शन हुनुपर्ने विषय हो। जेनजी आन्दोलनका युवाहरूले उठाएको मूल मुद्दा नै भ्रष्टाचार सहित रहित समाज सुशासन सदाचार नै हो यो सरकार गठन भएपछि मितव्ययितालाई हामीले प्रमुखताका साथ अंगीकार गर्यौं। तसर्थ स्रोत साधनको दुरुपयोग धेरै हद सम्म रोकिएको छ। हामीले अनावश्यक सुविधा लिएका छैनौ सार्वजनिक निकाय र नियमकारी संस्थाहरूले कानुन बमोजिम गर्ने काममा कुनै प्रकारको अवाञ्छित दबाब दिएका छैनौ। पूर्ण रुपमा व्यावसायिक स्वतन्त्रताका साथ ती निकायहरूले काम गरिरहेका छन्। त्यसका केहि परिणाम अहिले देखिएका छन्। केहि दीर्घकालमा देखिने गरि हामीले जग बसालेका छौं। र यस वर्षका घटनालाई पाठको रुपमा लिदैं आगामी दिनमा कसैले पनि सुशासन कायम होस् भनेर नागरिकले सडकमा आउन नपरोस् भन्ने हामी सबै सधैं सचेत हुनुपर्दछ यसका लागि सत्ताको मोहमा मग्न हुने होइन विधिको शासन प्रति हाम्रो निष्ठा अटुट हुनु पर्दछ। हाल हामीसँग प्रतिनिधि सभा छैन तर जनताको सही मतबाट छिट्टै प्रतिनिधि सभा आउँदै छ। हामीसँग राष्ट्रिय सभा छ। यसलाई परिपक्क बुज्रुकहरूको संस्थाको रुपमा लिने गरिन्छ। देशको हितमा मा परिपक्क र विवेक सम्मत भूमिका खेल्ने स्थायी सदन बाट प्राप्त हुने निर्देशनहरूलाई सरकारले शिरोपर गर्नेछ।

अन्त्यमा मेरो छोटो कार्यकालको यो अन्तिम चरणमा म के विश्वास दिलाउन चाहन्छु भने हामीले भत्किएका संस्थाहरूलाई सुबिस्ताले जोडेका छौं र एउटा नयाँ आशाको बिउ रोपेका छौं। मुलुकमा व्याप्त भ्रष्टाचार दण्डहिन्ता र अन्याय जस्ता संरचनात्मक कारणहरूको निर्वाणको लागि सबै निकाय एकजुट भएर लाग्न ढिला नगरौं भन्दै साथै म एउटा यहाँ उठेको कुरामा म एउटा आफ्नो

अवधारणा राख्न चाहन्छु। यहाँहरूलाई थाहा होला कि २७ गते मेरो शपथ ग्रहण मैले गरे नियुक्ति भो त्यसपछि केहि समय मन्त्रिपरिषद् गठन नै भएन। किनभने हाम्रो त पोलिटिकल पार्टीको त होइन पोलिटिकल पार्टीको आफ्नो सर्टेन मेम्बरहरू हुन्छ। हामीले त बाहिरबाट खोज्नु पर्ने अवस्था आयो इन्ट्रिम गभर्मेन्टको निम्ति त्यसमा चाहिँ जेनजीको ठुलो एउटा प्रेसर थियो हामीलाई। जेनजीको मान्छेहरू लेउ मन्त्रीमा भनेर आयो त्यस प्रकारको त्यसमा महावीर पुनको नाम आयो। त्यसपछि कुलमान घिसिङका नामहरू उनीहरूले प्रेसर गरे। हामीले त मान्नु पर्ने अवस्था पनि थियो तत्काल। त्यसपछि धेरैको नामहरू चाहिँ आयो त्यस मध्येको केहीलाई हामीले मन्त्रिपरिषदमा आयौ। त्यो बेलामा तत्तत् व्यक्तित्वहरूले आउन मान्नु भएको थिएन मन्त्रिपरिषदमा। तर जेनजीको प्रेसर के थियो भने यिनीहरूलाई तिमीहरूले लिनै पर्छ। कुलमानलाई लिनै पर्छ। पुनलाई लिनै पर्छ र अरू सञ्चारमन्त्री यिनीहरूलाई पनि लिनै पर्छ भन्ने खालको आवाज आयो। र हामीले हात जोडेर मैले नै स्पेसल्ली म स्पेसल्ली अरूलाई त म भन्दिन। मैले नै स्पेसल्ली हात जोडेर जति दिन तपाईंहरु बस्ने हो बसिँदिनस् किनभने जेनजीको प्रेसर छ। त्यो नभै हुदैन् त्यसमा बबलु गुप्ता भन्ने पनि जेनजीबाट आयो। अब उनीहरू सञ्चारमन्त्री गएका र बबलु यिनीहरू अब अलिकति लोकप्रिय टाइपका मान्छे पनि हुन्। यिनीहरू पोलिटिक्समा जाने मान्छे हुन् भन्ने हामीलाई थाहा पनि थियो। बैमानी त्यहाँ निर हुन्छ जहाँ सरकारमा बसी बसी कोही चुनाव लड्छ भने त्यो इन्ट्रिम गभर्मेन्टमा बसेर बैमानी गर्यो भन्न सकिन्छ तर सरकारै छोडेर गइसकेको व्यक्ति जसलाई हामीले वड्स पनि दिए छ जुन दिन तिमि सरकार के रे चुनावमा जान्छौ त्यो दिन राजीनामा गरेर जाउ हामी बिदाई गर दिने छौं तर जति दिन बस्नुपर्ने हो त्यो जेनजीको भोइसको कारणबाट भनेर अझ उसलाई त पुनलाई त एक प्रकारले अँगालो हालेर सुदन गुरुङले लिएर आयो। उ त किताब बेच्दा बेच्दै सडकबाट उठाएर लिएर आएको हो भने त्यो अनि मलाई लाग्दैन कि अब कोही गयो जस्तो सञ्चार मन्त्री यौङ्ग छ बबुल गप्ता यौङ्ग छ अब यिनीहरुले के भने अहिलेको यो परिवर्तित उसमा उनीहरू जेनजी टाइपको भएको हुनाले ले अब तिनिहरूले चुनावमा जान पाउँदैनन् भन्ने मलाई त त्यो त लाग्दैन र खासमा भन्ने हो भने दोष लाउनुहुन्छ भने मलाई दोष लाउनुस् उनीहरूलाई दोष नलाउनुस् किनभने मैले त्यतिखेर सरकार बनाउनैको लागि पनि वड्स दिएको थियो कि तिमीहरू जुन दिन कुलमानजीलाई पनि भन्या थियो जुन दिन तपाइँहरू जाने हो त्यो दिन चाहिँ म बकाएदा तपाइँहरूलाई बिदाई म गर्छु। तपाइँहरू जानुस् आराम सँग चुनाव लड्नुस भनेर मैले भन्या पनि हो। त्यसकारण मलाई लाग्दैन कि उनीहरूले चाहिँ बैमानी गरे यो गरे पोलिटिकल उ गरे भन्ने त्यो खासमा त्यो भन्नु बेकार छ। उनीहरूको लाइफ छ, उनीहरूको आफ्नो जीवन हो। उनीहरूको आफ्नो उमेर छ, राजनीतिमा जान सक्ने उनीहरूको संस्कार छ। त्यसकारण तिनलाई त्यसरी गए

भन्दैमा मैले यहाँहरूलाई खुलाइदिए कि मैले नै बचन दिएको हो। जेनजीको प्रेसर थियो ल्याउनै पर्ने। उनीहरूको प्रेसर थियो हामी चाहेको बेलामा निस्केर जान्छु भनेर भन्या थियो। त्यसकारण उनीहरू गए अब आज सम्म उनीहरूको कुनै सम्पर्क पनि छैन मन्त्रिमण्डल परिषद् सँग आएर कुनै कुराको माग पनि गरेया छैनन्। आज सम्म हामीसँग कुनै टेलिफोनमा मा कन्टयाक्ट पनि छैन। उनीहरू निर्वाचनमा गए। चुनावमा अब उनीहरू भाग लिएका छन्। मलाई अन्यथा भनिरहनु पर्छ भन्ने जस्तो पनि लाग्दैन।

जहाँ सम्म पुन्जी हो उहाँ त रिसाएर हिंड्नु भएको हो। दुई चार वटा कानुन बनाउन भन्नु भएको थियो। ती कानुन राम्रै थियो। तर हामीले यो छोटो समयमा त्यो कानुन बनाएर उहाँलाई सहयोग गर्न हामीले सकेनौ। त्यो कानुन मुलुककै लागि थियो तर हामीले सकेनौ उहाँलाई सहयोग गर्नलाई। अनेक परिस्थिति हुन्छ सबै कुरो हुँदैन। त्यसै कारण अब राइट हो आफ्नो व्यक्तिको राइट हो को राजनीतिमा जान्छ जाँदैन त्यसो भएर त्यहाँ भन्नु पनि बेकार छ कि एउटै पोलिटिकल पार्टी यो अभियोग पनि आयो कि यो त राष्ट्रिय स्वतन्त्र पार्टीको उ हो भनेर राष्ट्रिय स्वतन्त्र पार्टीमा दुई जना गए। कुलमानजीको आफ्नै पार्टी हो त्यो अब महावीर पुनको पार्टी नै छैन भनेसी एउटै पार्टी सबै मान्छे राष्ट्रिय स्वतन्त्र पार्टीमा गएको त होइन। र हामीहरूको कसैसँग त्यस्तो कन्टयाक्ट पनि छैन। यो गलत हो यो गलत भाष्य हो। आफ्नो आफ्नो राइट हो। चुनावमा कसैलाई हामीले सबैलाई सोध्यौ। तपाइँहरूको एनिबडी यु निड भनेर पनि सोध्यौ हामीले। कोही तपाइँहरूले जानुहुन्छ भने नजानेहरु बसे। जसलाई पोलिटिकल्ली कुनै इन्ट्रेस्ट थिएन। हामीलाई थाहा थियो यसलाई इन्ट्रेस्ट छ। यो उसलाई चाहिँ इन्ट्रेस्ट छ भन्ने थाहा हुँदा हुँदै जेनजीको प्रेसरमा उनीहरू आएका हुन्। आए गए। बकाइदा गए अहिले सम्पर्क पनि छैनन्। हामीले खादा ओडाएर जति दिन तिमीहरूले चिया खाएर यहाँ काम गर्यौ मात्र चिया खाएर काम गरेया छन् तिनिहरूले। हद्द भएको मन्त्रालयको दुई कप चिया खाको होला दैनिक। तिमीहरू गए धन्यवाद हामीले पठाई दिए। मैले यति भन्दै यहाँ मैले अन्त्य गरे। आज मैले बोल्न पाएकोमा खुशी छु। धन्यवाद छ। यो मौका पाए। फेरी यस्तो मौका पाउन बहुत गाह्रो छ। कठिन छ म आशा पनि गर्दिन म त्यो क्षेत्रको मान्छे पनि होइन। मेरो नेचर पनि त्यो होइन मेरो कल्चर पनि होइन। म पोलिटिकल पार्टीमा कहिले रहेको मान्छे पनि होइन। थ्यांकयु।

**(१४:५२ बजे)** **<u>सम्माननीय अध्यक्षः</u>-** माननीय सदस्यहरू राष्ट्रिय सदाचार नीति सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ माथिको छलफल यही समाप्त हुन्छ। माननीय सदस्यहरू प्रतिवेदनका सम्बन्धमा

माननीय सदस्यहरूले छलफलमा उठाएका विषय र सो सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीले जवाफका सिलसिलामा व्यक्त गर्नु भएका विचार समेतका आधारमा राष्ट्रिय सदाचार नीति सम्बन्धी अध्ययन प्रतिवेदन, २०८२ मा समावेश भएका सुझावहरूलाई प्राथमिकताका आधारमा कार्यान्वयन गर्न नेपाल सरकारलाई निर्देश गर्दछु। माननीय सदस्यहरू राष्ट्रिय सभा नियमावली २०७५ को नियम ८९ बमोजिम माननीय सदस्यहरूबाट अध्यादेश अस्वीकार गर्ने सम्बन्धी कुनै पनि सूचना प्राप्त नभएकोले सोही नियमावलीको नियम ९२ को उपनियम ३ बमोजिम माननीय गृहमन्त्री ओम प्रकाश अर्याललाई मतदाता नामावली ऐन २०७३ लाई संशोधन गर्न बनेको अध्यादेश, २०८२ स्वीकृत गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

(१४:५४ बजे) **माननीय गृहमन्त्री श्री ओम प्रकाश अर्याल**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले मतदाता नामावली ऐन, २०७३ लाई संशोधन गर्न बनेको अध्यादेश, २०८२ लाई स्वीकृत गरियोस् भन्ने प्रस्ताव यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

(१४:५४ बजे) **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू अब म माननीय गृहमन्त्री ओम प्रकाश अर्यालले पेस गर्नु भएको मतदाता नामावली ऐन, २०७३ लाई संशोधन गर्न बनेको अध्यादेश, २०८२ स्वीकृत गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्य" हुन्छ" भन्नुहोला।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ मतदाता नामावली ऐन, २०७३ लाई संशोधन गर्न बनेको अध्यादेश, २०८२ स्वीकृत गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु। माननीय सदस्यहरू राष्ट्रिय सभा नियमावली २०७५ को नियम ८९ बमोजिम माननीय सदस्यहरूबाट अध्यादेश अस्वीकार गर्ने सम्बन्धी कुनै पनि सूचना प्राप्त नभएकोले सोही नियमावलीको नियम ९२ को उपनियम ३ बमोजिम माननीय गृहमन्त्री ओम प्रकाश अर्याललाई प्रतिनिधि सभा सदस्य निर्वाचन पहिलो संशोधन अध्यादेश, २०८२ स्वीकृत गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**(१४:५६ बजे)** **मानननीय गृहमन्त्री श्री ओम प्रकाश अर्याल**:- सम्माननीय अध्यक्ष महोदय , अध्यक्ष महोदयको अनुमतिले प्रतिनिधि सभा सदस्य निर्वाचन पहिलो संशोधन अध्यादेश, २०८२ लाई स्वीकृत गरियोस् भन्ने प्रस्ताव यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

**(१४:५६ बजे)** **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू अब म माननीय गृहमन्त्री ओम प्रकाश अर्यालले पेस गर्नुभएको प्रतिनिधि सभा सदस्य निर्वाचन पहिलो संशोधन अध्यादेश, २०८२ स्वीकृत गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्य "हुन्छ" भन्नुहोला। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नु होला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला।

-"हुन्छ "

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनिएन तसर्थ प्रतिनिधि सभा सदस्य निर्वाचन पहिलो संशोधन अध्यादेश २०८२ स्वीकृत होस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु। माननीय सदस्यहरू राष्ट्रिय सभा नियमावली, २०७५ को नियम ८९ बमोजिम माननीय सदस्यहरूबाट अध्यादेश अस्वीकार गर्ने सम्बन्धी कुनै पनि सूचना प्राप्त नभएकोले सोही नियमावलीको नियम ९२ को उपनियम ३ बमोजिम माननीय गृहमन्त्री ओम प्रकाश अर्याललाई नेपाल विशेष सेवा ऐन दोस्रो संशोधन अध्यादेश ,२०८२ स्वीकृत होस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

**(१४:५७ बजे)** **मानननीय गृहमन्त्री श्री ओम प्रकाश अर्याल**:- सम्माननीय अध्यक्ष महोदय, अध्यक्ष महोदयको अनुमतिले नेपाल विशेष सेवा ऐन दोस्रो संशोधन अध्यादेश, २०८२ लाई स्वीकृत गरियोस् भन्ने प्रस्ताव यस सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु। धन्यवाद।

**(१४:५८ बजे)** **सम्माननीय अध्यक्ष**:- माननीय सदस्यहरू अब म माननीय गृहमन्त्री ओम प्रकाश अर्यालले पेस गर्नु भएको नेपाल विशेष सेवा ऐन दोस्रो संशोधन अध्यादेश, २०८२ स्वीकृत

गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नुहोला। यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नु होला।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यले "हुन्छ" भन्नु होला।

-"हुन्छ"

यो प्रस्तावको विपक्षमा हुने माननीय सदस्यले "हुन्न" भन्नुहोस्।

"हुन्न" भन्ने आवाज सुनेन तसर्थ नेपाल विशेष सेवा ऐन दोस्रो संशोधन अध्यादेश ,२०८२ स्वीकृत गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले स्वीकृत भएको घोषणा गर्दछु।

माननीय सदस्यहरू राष्ट्रिय सभाको अर्को बैठक २०८२ साल माघ २३ गते शुक्रबार अपरान्ह १ बजेर १५ मिनेटमा बस्ने गरि यो बैठक यही स्थगित हुन्छ।

(तदनन्तर अर्को बैठक २०८२ साल माघ २३ गते शुक्रबार अपरान्ह १ बजेर १५ मिनेटमा बस्ने गरि यो बैठक यही स्थगित भयो।)

**स्थगित : १४:५९ बजे**